Jana Aakash National Weekly

www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १६, अंक- ४४ २०८१ साल असार ११ गते मंगलबार (Jun 25, 2024) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइल: ९८५१०८७१५६

Email : janaakash.com.np@gmail.com

# काठमाडौं महानगरपालिकाले बजेटको आकार बढाउँदै

काठमाडौं- काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१र८२ का लागि गत वर्षको तुलनामा बजेटको आकार बढाउने तयारी गरेको छ ।

कामपाले आव २०८०र८१ मा रु २५ अर्ब ५४ करोड ७८ लाख २० हजारको बजेट ल्याएको थियो । आगामी आव २०८१र८२ का लागि बजेट बढाएर ल्याउने तयारी गरेको कामपा राजस्व विभागले जनाएको छ ।

विभागका प्रमुख धुव्र काफ्लेका अनुसार विगत वर्षमा जस्तै आमामी आवमा पनि शिक्षा, स्वास्थ्य, सरसफाइ र सेवा प्रवाहको क्षेत्रमा बजेटले प्राथमिकता पाउनेछ । कामपाले आगामी आवका लागि गत जेठ ३२ गते नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको छ । कामपाले चालु आवको ११ महिनामा रु आठ अर्ब ५५ करोड पाँच लाख ३२ हजार सात सय राजस्व सङ्कलन गरेको छ ।

अघिल्लो आवको सोही अवधिमा कामपाले रु आठ अर्ब नौ करोड ३७ लाख ७२ हजार राजस्व सङ्कलन गरेको थियो । कामपाले चालु आवमा गत वर्षभन्दा रु ४५ करोड ६७ लाख ७० हजार बढी राजस्व सङ्कलन गरेको काफ्लेले जानकारी दिए । प्रमुख काफ्लेका अनुसार पछिल्लो समय करदाताको सङ्ख्या बढेकाले गत वर्षको तुलनामा राजस्व बढेको हो । कामपाले चालु आवका लागि करिब रु १० अर्ब ८० करोड ७८ लाख २० हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको छ ।

चालु आवको साउनदेखि वैशाखसम्ममा ३३ हजार एक सय ५६ नयाँ करदाता बढेको प्रमुख काफ्लेले जानकारी दिए । चालु आवदेखि कामपाले ३२ वटै वडाको प्रतिनिधिसहित स्थलगत अनुगमन गरिरहेकाले राजस्व सङ्कलनमा सहज भएको बताइएको छ ।

# युवा विदेश किन गए कसैले खोजी गरेको छ ?

**मोहन कार्की**



नेपालका युवाहरु देशमा बसेनन् भनेर भनेको भाषण गर्नेहरुको कमि त भएको छैन तर पनि युवाहरु कोही पढ्ने बहानामा, कोही भिजिट भिषामा, कोही वर्किङ भिषामा विदेश गईनै राखेकाछन् । यसमा कुनै परिवर्तन आएको छैन । किन गएत युवाहरु देश छोडेर ? यसको खोजिनीति अहिलेसम्म कसैले गरेको देखिदैन ।

ति विदेश जाने युवाहरुलाई सोध्यौ भने नेपालमा सम्भावना छैन । अनेक खालका झन्झट आइलाग्छन् । सरकारले कुनै कुराको ग्यारण्टी गर्न सक्दैन । उनिहरुको मुखवाट निस्कने यस्तै शव्दहरु छन् ।

ति युवाहरुले भनेको कुरालाई नेपालको परिवेषयमा अध्ययन गरेर हेऱ्यौ भने मिल्दो जुल्दो पाउछौ । नेपालको सरकारले पत्येक बर्ष नेपालको आर्थिक बृद्धिदरको लक्ष्य राख्छ कहिले ५ प्रतिशत कहिले ७ प्रतिशत कहिले ८ प्रतिशत तर लक्ष्य पुगेको कुनैपनि बर्ष छैन । त्यो हुनको कारण अरु केही नभएर नेपालका उत्पादन केही छैन । सवै विदेशवाट सामान किनेर बेच्ने ट्रेडिङहरुसँग उठाउने करले कति नै धान्छ र । सवै पैशा बाहिर गएपछि कसरी आर्थिक बृद्धि हुन्छ । आर्थिक बृद्धि हुनलाई नेपालको आफ्नै उद्योग, कलकारखाना हुनुपर्छ र त्यस कारखानावाट उत्पादित वस्तु स्वदेश तथा विदेशमा निर्यात गर्न सके मात्र आर्थिक बृद्धि हुन्छ ।


कि नेपालको पर्यटन क्षेत्रवाट आमुल परिवर्तन गरेका खण्डमा त्यस्तो उद्योग पनि नभए पनि हुन्थ्यो । त्यस्तो अवस्था छैन ।

उद्योग कलकारखान खोल्न कहा छ त समस्या ?

नेपालमा उद्योग कलकारखान खोलेर यहाका मानिसहरुलाई रोजगार दिएर यही नै वस्तु उत्पादन गरी देशको पैशा देश भित्रनै राख्न धेरै जति नेपालीलाई मन लागेको हुन्छ । उद्योग पनि खोलेका थिए । व्यापार पनि गरेका छन् । तर उद्योग खोलेर काम गर्नेलाई प्रोत्साहन




# शेरपोम शाङडु छोलिङ गुम्बाका खेम्पोको निधन



रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वाडन. २ कामबास स्थित शेरपोम शाङडु छोलिङ गुम्बाका ठुलो लामा घेसे छिरिङ खेम्पोको असार १ गते काठमाडौको ह्म्स हस्पिटलमा उपचारको क्रममा निधन भएको थियो ।

त्यस शेरपोम शाङडु छोलिङ गुम्बाका खेम्पोलाई बौद्ध धर्मको विधि अनुसार गुम्बाको आगानमा गोकुलगंगा गाउँपालिका वर्तमान जनप्रतिनिधिहरु पूर्व जनप्रतिनिधिहरु, वडा अध्यक्षहरु बिभिन्न संघ, संस्थाका प्रतिनिधिहरु र स्थानीयहरुको उपस्थितिमा अत्यष्टि गरिएको छ ।

# आदर्श क्षेत्रीसहित चार अभियन्तालाई नियोजित रूपमा गिरफ्तार गरिएको परिवारको दाबी

काठमाडौं- भ्रष्टाचार विरोधी अभियन्ता आदर्श क्षेत्रीकी आमा सकुन्तला बस्नेतले आफ्नो छोरालाई नियोजित रुपमा झुठा मुद्दामा फसाइएको आरोप लगाएकी छन् । (शनिबार) रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै उनले आफ्नो छोरा आदर्शसहित राजु सुनार, अस्मिता खत्री र प्रेमप्रसाद श्रेष्ठलाई झुठा मुद्दा लगाएर पक्राउ गरिएको बताएकी हुन् । उनीहरुलाई अहिले प्रहरी वृत्त बौद्धमा राखिएको पनि सकुन्तलाले बताईन् ।

आदर्शकै पहलमा नेपाल मेडिकल कलेजको पार्किङ निःशुल्क बनेको र बुद्ध एकेडेमीको जग्गा मिलेमतोमा विक्री हुनबाट जोगिएको उनको दाबी छ । भ्रष्टाचार विरोधी अभियानमा लागेको छोरालाई झुठा आरोप लगाएर पक्राउ गरिएको उनले बताईन् । 'राजनीतिक प्रतिशोधका आधारमा नियोजित रुपमा मेरो छोरा आदर्श क्षेत्रीलाई झुठा आरोप लगाएर प्रहरी बृत्त बौद्धमा राखिएको छ,'- उनले भनिन् । उनले आफ्नो छोरा आदर्शसहित पक्राउ परेको चारै जनालाई विना शर्त रिहाइ गरिनुपर्ने बताईन् ।

पक्राउ परेका राजु सुनुवारकी दिदी सविनाले उनीहरुले राम्रो काम गर्दै आएको बताईन् । सूचना माग्दा पूर्वाग्रही रुपमा गिरफ्तार गरिएको उनको आरोप छ । 'उहाँहरुले गरेको काम राम्रो थियो । आजसम्म जति गर्नुभयो उहाँहरुले समाजलाई रुपान्तरण गर्न सचेत गरिरहनुभएको थियो । सूचनाको हक सबैले लिन पाउनुपर्ने हो । उहाँहरुलाई किन गिरफ्तार गरियो थाहा भएन,'- उनले भनिन् ।

आदर्शकी दिदी आकृतिले उनीहरुलाई सुनियोजित रुपमा फसाइएको दाबी गरिन् । उनीहरुले घुस मागेको भन्ने कुनै प्रमाण नै नरहेको उनले जिकिर गरिन् । त्यस्तै, वरिष्ठ अधिवक्ता दीनेश त्रिपाठीले सूचनाको हक




र समाजिक रुपमान्तरणका लागि काम गर्ने सोसियल एक्टिभिष्टहरुलाई गलत नियतका साथ पक्राउ गरेको देखिएको बताए ।

उनले नेपालको संविधानको धारा २७ ले सूचनाको हकलाई प्रत्याभूत गरेको बताउँदै उनले कुनै पनि नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्न पाउने हक दिएको बताए । उनले सूचना माग्न गएको कारण झुठा मुद्दामा फसाइन नहुने बताए । पक्राउ परेका ती युवाहरुलाई तत्काल रिहाइ गरिनुपर्ने र कुनै पनि झुठा मुद्दा लगाइन नहुने उनको भनाइ छ ।

यस विषयमा आधाकारिक के हो भनेर जन आकाश मिडियाले बौद्धका डिएसपी नवराज पाण्डेलाई उक्त जानकारी लिन सम्पर्क गरेका थियौ उनले प्रहरी पवक्तालाई जानकारी लिन भनेपछि जन आकाश मिडियाले प्रवक्त नवराज अधिकारीलाई जानकारी लिएका थियौ उनले भ्रष्टचार विरुद्धको अभियाँन भनेर अभियाँन चलाएको तर कतै दर्ता नभएको हुदा वैधानिक नभएकोले नियन्त्रणमा लिएको हो । विस्तृतमा जानकारी लिन बौद्ध प्रहरीमा नै बुझ्न आग्रह गरेका छन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ४४, २०८१ साल असार ११ गते मंगलबार (Jun 25, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन। सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ। मोहन कार्की

## सम्पादकीय – – – –

### साईलेन्सर बढी बजाउने वाइकलाई प्रतिबन्ध लगाउ

काठमाडौ राजधानीमा सडक आफैमा व्यस्त हुन्छ यहा सवैलाई हत्तार भईरहेको हुन्छ । भीडमा एउटा सावरी साधनले अर्कोसँग ठोकिने होकी भन्ने त्रही त्रही भएर सवारी कुदाईरहे को वेलामा चर्को आवाज निकाल्दै साना-साना स्पेश भएको ठाउँवाट बाइक आईपुग्छन् । ति वाइकहरुको साइलेन्सर यति चर्को आवाज हुन्छकि मानिस तर्सेर नै र्दुघटना होला जस्तो हुन्छ । कतिपय आत्तिने स्वभाव भएका मानिसले सवारी साधन चलाएको वेलामा यस्ता साइले न्सर चर्को आवाज निकाल्ने वाइकका कारण र्दुघटना पनि हुने गरेकाछन् ।

त्यैले यस्ता चर्को आवाज निकाल्ने वाइकलाई नेपालमा प्रतिबन्ध नै लगाउनु पने देखिन्छ । मनिसको सुरक्षित गन्तव्य पुग्ने यात्रमा अवरोध हुनुहुदैन । सार्वजनिक स्थलमा आृनो अधिकार प्रयोग गर्दा अर्काको अधिकारको पनि ख्याल गर्नुपर्ने हुन्छ । ति बढी साईलेन्सर जडान भएका वाईक चालकहरुले अन्य सवारी चालकहरुलाई अवरोध गरेर वाईक चलाई राखे काछन् । त्यसकारण समबन्धित निकायले यस्ता विषयमा छिटोभन्दा छिटो चर्को आवाज निकाल्दै सडकमा कुद्ने वाईकलाई किनबेच गर्न नै रो क लगाउनुपर्छ ।

सयमा नै यसको रोक थामको उपाय गरेन भने र्दुघटना हुने सम्भावना छ । घटना भएपछि मात्र छानविन समिति बनाउने नेपालको चलन छ । घटना घटेपछि पछुताउनु भन्दा घटना हुन नदिनु चै बुद्धिमानी काम हो । त्यसैले चर्को स्वार निकालेर ठुलो स्केलका साइलेन्सर भएका वाइकहरुलाई तुरुन्तै बिक्री वितरणमा नै रोक लागाउन थाल्नुपर्छ ।

अर्को तर्फ त्यस्ता वाइक किनेर अमऱ्यादित ढंगवाट वाइक कुदाउनेलाई पनि कानूनी कार वाही कडा रुपमा गर्नुपर्छ । किनकि यो सामान्य विषय होइन । सार्वजनिकस्थलमा सवारी साधन कुदाउदा नियमपूर्वक सावधानी अपनायर कुदाउनु पर्ने ठाउँमा जथाभावी सवारी साधन कुदाउनेलाइ नियन्त्रण गरिएन भने भोलीको दिनमा निम्तन सक्ने र्दुघटना निक्कै डरलाग्दो अवस्थामा जान सक्छ ।

त्यसैले सुरक्षित यात्रको लागि चर्को आवाज निकाल्ने सवारी साधन विशेष गरेर वाईकहरुलाई वेलैमा नियन्त्रण गरी त्यस्ता चर्को स्वर निकालेर कुद्ने वाईक र कुदाउने चालकलाई नियान्त्रण गरौ र त्यस्ता चर्को स्वार निकाल्ने वाइक कम्पनीलाई नेपालमा किनबेच नै बन्द गराउ र गन्तव्यसम्म सुरक्षित यात्रा गर्ने यात्रुको सुर क्षा गरौ ।

## सन्दर्भ विश्व योग दिवस : योगासन, प्राणायाम र ध्यानमा अन्तर्वीणा



माता अन्तर्वीणा

“जब हामी श्वासमाथि नियन्त्रण गर्छौं, त्यसपछि जीवनमाथि पनि नियन्त्रण भइहाल्छ । प्राणायामले हाम्रो आन्तरिक प्रणालीलाई राम्रो गरेर शरीरमा अतिरिक्त अक्सिजन आपूर्ति गर्छ । शरीरको अशुद्ध वायुलाई बाहिर निकाल्ने र फोक्सोलाई बलियो बनाउने प्राणायामको मुख्य काम हो ।”

शरीर हाम्रो आत्मा र मनको मन्दिर हो । यसलाई स्वस्थ राख्नु हाम्रो परम कर्तव्य हो । सनातन दर्शनमा अति प्राचीनकालदेखि योगासन, प्राणायाम र ध्यानको परम्परा चली आइरहेछ । यसको प्रमुख उद्देश्य मानवजीवनलाई सुखी, स्वस्थ र शक्तिशाली बनाउन हो । यस यौगिक क्रियाको अभ्यास गर्नाले शरीर स्वस्थ, मन संयमित र खुश रहन्छ । यसको कुनै साइड इफेक्ट हुँदैन र यसको लागि कुनै धनको पनि आवश्यकता छैन ।

हामी पहिला धन कमाउनका लागि स्वास्थ्य खराब गराउँछौं र पछि स्वास्थ्य ठीक गर्नका लागि त्यसै धनलाई लगाउँछौं । वर्तमान समयमा धेरै रोगको औषधि पनि छैन, बाजारमा उपलब्ध ३० प्रतिशत औषधिहरु नक्कली छन् । यसको साथै डाक्टरहरु पनि इमानदारीपूर्वक कार्य गर्दैनन् । यस कारणले पनि हामीले आफ्नो स्वास्थ्यमाथि ध्यान दिनुपर्छ । दैनिक जीवनमा हामीले १४४० मिनेट पाएका छौं । यसमध्ये ३० मिनट निकालेर दैनिकरुपमा योगासन, प्राणायाम र ध्यान अवश्य गर्नुपर्छ ।

योगासन : यो एक प्रकारको शारीरिक व्यायाम हो । यसको केही क्रिया बसेर, केही क्रिया उभिएर, केही सुतेर गर्नुपर्छ । लगभग १०८ प्रकारको योगासन हुन्छ । त्यसमध्ये १०-१२ वटा गरे पुग्छ । योगासन भनेको बस्ने नियम वा तरिका हो । कोही शारीरिक स्वास्थ्यको लागि, कोही रोग ठीक गर्नको लागि, कोही मोटोपन घटाउनको लागि योगासनको अभ्यास गर्ने गर्छन् ।

प्राणायाम : प्राणायाम एक प्रकार श्वास-प्रश्वासको व्यायाम हो । यो लगभग १०-१२ प्रकारको हुन्छ । कम्तीमा एक-दुईवटा प्राणायाम गरे पुग्छ । विष्णुपुराणमा भगवान् विष्णु भन्नुहुन्छ- ‘सास जीवनको आधार हो, यो प्राण ऊर्जा पनि हो ।’

अन्तरकुम्भक प्राणायाम : सामान्यरुपमा खुला ठाउँमा चकटी वा कुर्सीमा बसेर नाकबाट बिस्तारै सास लिने, भित्र अन्दाजी ८-१० सेकेन्ड रोक्ने, त्यसपछि बिस्तारै बाहिर निकाल्ने । यस क्रियालाई जम्मा ५ देखि ७ पटक गर्नुपर्छ । शरीरमा अक्सिजनको स्तर राम्रो छ भने रगतको व्यवस्था राम्रो चल्छ । रगतको व्यवस्था राम्रो रह्यो भने समस्त ग्रन्थिहरुले राम्री काम गर्छन्, जुन हाम्रो स्वास्थ्यको लागि अति आवश्यक हो ।

सरल प्राणायाम : यो प्राणायाम गर्नको लागि पदमासन, सिद्धासन वा सुखासनमा आँखा बन्द गरेर बस्ने । नाकबाट बिस्तारै-बिस्तारै लामो र गहिरो सास लिने र छोड्ने । यो क्रिया लगातार पाँच मिनेटसम्म गर्ने ।

ध्यान : सामान्यरुपमा बुझ्ने हो भने ध्यान मानसिक व्यायाम हो । यसमा विभिन्न प्रक्रियाबाट मनलाई एकाग्र, शान्त र निर्विचार बनाउने गरिन्छ । त्यसपछि विचार शून्यताको स्थितिमा आउँछ । प्राचीनकालदेखि लगभग ११२ प्रकारको ध्यानविधि चलिआएको छ । यसको वर्णन ‘विज्ञान भैरवतन्त्र’ नामक ग्रन्थमा उल्लेख छ । सबैभन्दा पहिला भगवान् शिवले पार्वतीलाई ध्यानको शिक्षा दिनुभएको थियो र साधना गराउनुभएको थियो ।

माइन्ड म्यानेजमेन्ट ध्यानविधि :

यो ध्यानको अभ्यास गर्नको लागि पद्मासन, सिद्धासन वा सुखासनमा आँखा बन्द गरेर बस्ने । मंगलपाठ- सबैको कल्याण होस्, हामी यसको मंगल कामना गर्दै छौं भन्ने स्मरण गर्ने । त्यसपछि १० सेकेन्डसम्म वरिपरिका सबै ध्वनिहरुलाई सुन्ने र १० पुनः सेकेन्डसम्म आफ्नो अनुहारलाई सम्झिने । अनि मुख बन्द गर्ने, जिब्रोलाई तालुमा टाँसेर सारा ध्यान जिब्रोको टुप्पोमा लगाउने । यसलाई १० मिनेट गर्ने । यो गर्दाखेरि श्वास-प्रश्वासलाई लामो र गहिरो गर्नुभो भने झन् राम्रो हुन्छ ।

कुनै पनि ध्यान गर्दाखेरि तीन सातासम्म कुनै विश्लेषण गर्नुहुँदैन । त्यसपछि आफैँ यसको लाभ अनुभव गर्न सकिन्छ । ध्यान नलागे पनि प्रतिदिन ध्यानको अभ्यास गरिरहनुपर्छ । ध्यान गर्दाखेरि निश्चित ठाउँ र निश्चित समयको ध्यान राख्नुभो भने धेरै राम्रो हुन्छ । योगासन, ध्यान र प्राणायामको कुनै पनि धर्म- सम्प्रदायसित सम्बन्ध छैन । यो शुद्ध र आध्यात्मिक क्रिया हो । जसले पनि यो गरेर लाभ लिन सक्छ ।

योगासन गर्दाखेरि विभिन्न कुरामा ध्यान पुऱ्याउनुपर्छ । पहिलो दिनदेखि नै धेरै क्रियाको अभ्यास गर्नुहुँदैन । कहिल्यै पनि हतार-हतारमा कुनै क्रिया गर्नुहुँदैन । योगासनको अभ्यास खाली पेटमा नै गर्न मिल्छ, बिहान र बेलुका । योगासन गर्दाखेरि कुन आसन कति गर्नुपर्छ, यसको जानकारी लिएपछि गर्न मिल्छ । मासिक धर्म र जीउ दुखाइमा गर्न मिल्दैन । सबैभन्दा पहिला योगासन, त्यसपछि प्राणायाम र अन्त्यमा ध्यान गर्नुपर्छ ।

*(लेखिका ब्रह्मयोग केन्द्रको प्रणेता हुनहुन्छ ।)*

## सही उपयोग नहुँदा रगतको अभाव



डा. विपिन नेपाल

रगत अभावको बारेमा हामीले बेलाबेलामा विभिन्न सञ्चारमाध्यममा पढ्ने र सुन्ने गरेका छौँ । नेपालमा दैनिक हजारौं व्यक्तिले रक्तदान गरे पनि बेलाबेलामा रगतको अभाव भएको खबर सुन्छौँ । रगतलाई सही प्रयोग गरेको खण्डमा रगतको अभाव केही हदसम्म कम गराउन सकिन्छ । नेपालमा हाल वार्षिक ३ लाख ५० हजारदेखि ४ लाख पिन्ट रगत आवश्यक हुने गरेको छ ।

एकातर्फ रक्तदान गर्ने युवाहरु दिन-प्रतिदिन रोजगारी र पढाइको सिलसिलामा विदेशिएका छन् भने अर्कातर्फ रोगी र वृद्धवृद्धा भएका कारण रक्तदान गर्ने वर्गसमेत घटिरहेको छ । तर वार्षिकरुपमा नेपालभर जम्मा ३ लाख पिन्ट मात्र रगत संकलन हुँदै आएको छ । यो डाटालाई हेर्ने हो भने पनि नेपालमा अझै वार्षिक १ लाख पिन्ट रगत अपुग भएको देखिन्छ । तर त्यो ३ लाखबाट ९ लाख रक्ततत्व बनाउन सकिन्छ । यस कारणले हेर्ने हो भने रगतको मागभन्दा रक्ततत्व बनाएर रगतको सही उपयोग गरेमा रगतको माग पुग्ने देखिन्छ ।

नेपालमा दैनिकजसो संकलन हुँदै आएको रगतलाई राम्रो किसिमले व्यवस्थापन गर्न नसक्दा दिन-प्रतिदिन रगत अभाव हुँदै आएको छ । हामीले रगतलाई राम्रो व्यवस्थापन गर्न नसक्नु रगत अभावको मुख्य कारण हो । रक्त तत्वहरूको प्रयोगभन्दा होल ब्लडको प्रयोग अर्को मुख्य कारण हो ।

रगत अभाव हुने अर्को मुख्य कारण भनेको बिरामीका लागि लगेर बढी भएको रगतको व्यवस्थापन नगर्नु हो । उदाहरणको लागि कुनै एक बिरामीको लागि दुई पिन्ट रगत आवश्यक भएको भनी लिएर जानु र रगतको प्रयोग गर्दा एक पिन्ट रगतले मात्र पुग्दा बाँकी अर्को एक पिन्ट रगत रक्तसञ्चार केन्द्रमा फिर्ता नगर्दा खेर गइरहेको हुन्छ ।

हामीले एक पिन्ट रगतबाट तीनदेखि पाँच भिन्न खालका रगत बनाउन सक्छौं । एकै प्रकारको रगतलाई भिन्न तीनदेखि पाँच प्रकारको रगत बनाउनका लागि धेरै रक्तसञ्चार केन्द्र छन् तर पनि शतप्रतिशत रक्ततत्व बनाउन नेपालको अत्याधुनिक रक्तसञ्चार केन्द्र ग्रान्डी अस्पतालमा रहेको छ । ग्रान्डीको रक्तसञ्चार केन्द्रले एउटा रगतबाट तीनदेखि पाँच प्रकृतिक रगत बनाउँदै आएको छ ।

जुन बिरामीलाई जस्तो रगत चाहियो त्यस्तै रक्ततत्व बनाएर ग्रान्डीले प्रदान गर्दै आइरहेको छ । नेपालभरको रगतको समस्या भएको केसमा बिरामीका आफन्तहरु रगत खोज्नका लागि ग्रान्डीमा आउने गरेको कैयौं उदाहरण छन् । ग्रान्डीले हाल वार्षिक ३ हजारदेखि ५ हजार पिन्ट रगत संकलन गर्दै आएको छ । उक्त संकलन गरिएको ३ हजारदेखि ५ हजार पिन्ट रगतबाट ९ हजारदेखि १५ हजार पिन्ट विभिन्न किसिमका रगत बनाउँदै आएको छ ।

रगतको कम्प्लिकेसनको चेकजाँच ग्रान्डी अस्पतालमा हुने गरेको छ । ग्रान्डीले हाल लगभग सबै थरी ब्लड ग्रुप एन्टिबडिजको चेकजाँच गर्दै आएको छ । यस अस्पतालले ट्रान्सप्लान्टका लागि एन्टिबडी ट्राइट्रेसन जाँच, रगतका बिरामीलाई चाहिने टेस्ट एन्टिबडी आइडेन्टिफिकेसन गर्दै आएको छ ।

*(डा. नेपाल ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालका रक्तसञ्चार विशेषज्ञ हुनुहुन्छ ।)*

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# पञ्चकन्या स्टीललाई ग्रिन प्रो प्रमाणपत्र प्राप्त




काठमाडौं- पञ्चकन्या स्टील प्रा. लि.ले गर्वका साथ घोषणा गर्दछ कि यसको ५०० एक्सडि र ५५० एक्सडि रिबार (फलामे छड) हरूले प्रतिष्ठित ग्रीनप्रो प्रमाणपत्र प्राप्त गरेको छ, जुन कम्पनीको वातावरणीय स्थिरता र निर्माण क्षेत्रको उत्कृष्टताप्रतिको प्रतिबद्धताको एक महत्पूर्ण उपलब्धि हो ।

कन्फेडेरेसन अफ इन्डियन इण्डष्ट्री सिआइआइ - सोराभजी गोदरेज ग्रीन बिजनेस सेन्टरद्वारा प्रदान गरिएको ग्रीनप्रो प्रमाणपत्रले वातावरणीय प्रदूषणका लागि कडा मापदण्डहरू पूरा गर्ने उत्पादनहरूलाई मान्यता दिन्छ । यो प्रमाणपत्र ग्रहण पश्चात पञ्चकन्या स्टीलको उच्च गुणस्तर र पर्यावरणमैत्री सामग्रीहरू उत्पादन गर्ने प्रतिबद्धतालाई अझ उजागर गर्दछ ।

ग्रिनप्रो इकोलेबललाई ग्लोबल इकोलेबललिङ नेटवर्क (न्भ्ल) द्वारा जेनिसेश -न्भ्ल'क को अन्तर्देशीय रूपमा समन्वित इकोलेबललिङ प्रणाली मार्फत मान्यता प्राप्त छ। ग्रिनप्रो प्रमाणपत्र प्राप्त स्टील रिबारहरूले प्रयोगकर्ताहरूका लागि महत्वपूर्ण फाइदाहरू ल्याउँछन् ।

यी रिबारहरूले हरित भवन प्रमाणपत्रहरू प्राप्त गर्न मान्यता र ख्याति प्राप्त हुन्छ, स्रोतको खपत घटाएर उत्पादनमा सुधार गर्दछ र विषाक्त पदार्थहरू हटाएर सुरक्षालाई सुनिश्चित गर्दछ । संरचनात्मक डिजाइनरहरूको लागि, यी उच्च गुणस्तरका फिलामे डण्डीहरूले राम्रो डिजाइनलाई समर्थन गर्दछ, टिकाउपना बढाउँछ, विश्वास जगाउछ र निर्माण लागत तथा प्रभावकारिता र निर्माणको गति बढाउँछ ।

निर्माताहरूका लागि ग्रीनप्रो प्रमाणपत्रले उत्पादनहरूलाई प्रतिस्पर्धीहरूबाट फरक पार्दछ, नवप्रवर्तनलाई प्रोत्साहित गर्दछ, स्रोत संरक्षण बढाउँछ र वातावरणीय उत्कृष्टता कायम गर्दछ । सम्पूर्ण पञ्चकन्या परिवार यो मान्यताबाट अत्यन्त गौरवान्वित छ, जसले नवप्रवर्तन र उत्कृष्टताप्रति समूहको निरन्तर प्रतिबद्धतालाई प्राथमिकतामा राख्दछ ।

पाँच दशकभन्दा बढीको अनुभव सहित, पञ्चकन्या समूहले दिगो उत्पादन र अभ्यासका लागि नयाँ मापदण्डहरू स्थापित गर्दै उद्योगलाई नेतृत्व गर्न जारी राखेको छ, गुणस्तर र वातावरणीय जिम्मेवारीलाई हातेमालो गर्दै बजारको सुनिश्चित गर्दछ ।

पञ्चकन्या समूहले वातावरणीय उत्तरदायित्व र गुणस्तरलाई प्राथमिकता दिदै भविष्यमा पनि आफ्नो नवप्रवर्तनशील उत्पादनहरू र दिगो विकासको लक्ष्यप्रति दृढ रहनेछ । पञ्चकन्या स्टीलको ५०० एक्सडि र ५५० एक्सडि रिबारहरू भैरहवामा निर्माण हुन्छ। यो प्रमाणपत्रले पञ्चकन्या स्टीलको दिगो निर्माण सामग्रीहरूमा अग्रणीको रूपमा स्थिति अझ बलियो बनाएको छ र यसले नेपालमा हरित क्रान्तिलाई समर्थन गर्दछ ।

# रामेछाप डायरी

## रामेछाप नगरपालिकाको नगरसभा सम्पन्न



रामेछापको रामेछाप नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । आईतबार १५ औं नगरसभामा उपप्रमुख बाल कुमारी कार्कीले पेश गरेको नीति तथा कार्यक्रम र बजेट पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरिएको हो ।

नगरपालिकाका प्रबक्ता समिर कार्कीले वार्षिक नीति तथा कार्यक्रम र बजेट पत्रकार सम्मेलन मार्फत जानकारी गराए । नगरपालिकाले मेघा विद्यालय संचालन गर्ने, विद्यालयमा साथीबाट सिक्ने साथीलाई सिकाउने कार्यक्रम संचालन गर्ने, साँघुटार स्वास्थ्य चौकीलाई नगर अस्पतालको रुपमा विकास गर्ने, दही मही खाऔं, कोल्ड ड्रिंक्स भगाऔं अभियान संचालन गर्ने, अधुरा र क्रमागत पूर्वाधार विकास आयोजना र कार्यक्रमहरुलाई प्राथमिकताका साथ » बाकी ६ पृष्ठमा

**कर्पोरेट**

# सहकारी रोजगार मेला सुरु




काठमाडौं- मर्यादित सहकारी व्यवसायका लागि युवा संलग्नता भन्ने नाराका साथ प्रथम सहकारी रोजगार मेला २०८१ शुक्रवारदेखि ललितपुरमा सुरु भएको छ ।

राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालले आयोजना गरेको तीनदिने रोजगार मेलामा रोजगारीको खोजीमा रहेका युवाहरुलाई सहकारी क्षेत्रका रोजगारदातासँग समन्वय गर्ने माध्यका रुपमा लिइएको छ । युवाहरु अवसर र रोजगारीको खोजीमा विदेशी क्रम बढ्दै गईरहेको अवस्थामा नेपालका सहकारी क्षेत्रमा आवद्ध भई स्वरोजगार हुन सकिने तथा यसक्षेत्रमा पनि रोजगारीको राम्रो अवसर छ भन्ने उदेश्यका साथ मेला आयोजना गरिएको आयोजक संस्थाले जनाएको छ ।

मेलाको उद्घाटन समारोहमा बोल्दै भूमी व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्री बलराम अधिकारीले युवाहरुको भावना अनुरुप सहकारी क्षेत्रले काम गर्नुपर्ने धारणा व्यक्त गरे । सहकारी रोजगार मेलाले यस क्षेत्रका रोजगारदाता र रोजगारी खोज्ने युवाहरुबीच सेतुको काम गर्ने उनले विश्वास व्यक्त गरे । यसैगरी मन्त्री अधिकारीले एउटै व्यक्ति दुई तीनवटा सहकारीको संचालक रहनु अहिले सहकारी क्षेत्रमा देखिएको समस्याको प्रमुख कारण रहेको समेत धारणा राखे ।

अर्थतन्त्रको एक मूख्य हिस्सेदारी सहकारी क्षेत्रको प्रमुख समस्या बुझेर सरकार अघि बढ्ने उनको जिकिर थियो । सहकारी क्षेत्रले उत्पादन गरेका वस्तुको बजारी करण गर्ने जिम्मेवारी अवदेखि सरकारले लिने उनले प्रतिबद्धता समेत जनाए । कार्यक्रमबारे प्रष्ट पार्दै राष्ट्रिय सहकारी महासंघकी अध्यक्ष ओमदेवी मल्लले देश छोडेर बिदेश जाने युवाहरुलाई नेपालको सहकारी क्षेत्रमा स्वरोजगार हुने अवसर र राम्रो सेवा सुविधा सहितको रोजगार छ भने जानकारी गराउन मेला आयोजना गरिएको जानकारी दिइन् ।

अध्यक्ष मल्लले सहकारी क्षेत्रलाई सरकारले प्राथमितामा नराखेको गुनासो गरिन् । सहकारीले उत्पादन गरेका वस्तुको बजारीकरण र सहुलियत ऋृणको व्यवस्थापन सरकारले नगर्दा यसक्षेत्रका किसानहरु विस्थापित हुने अवस्थामा रहेको उनको भनाई थियो । साथै सहकारीले २५ बढी चिया उद्योग संचालन गर्दै आएको , दैनिक २५ हजार लिटर बढी दुध उत्पादन गर्दै आएकोमा त्यसका लागि बजार नभएको सरकारको त्यसतर्फ ध्यानाकार्षण हुनुपर्ने अध्यक्ष मल्लले धारणा राखिन् ।

कार्यक्रममा सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष रमेश प्रसाद पोखरेलले धन्यवाद व्यक्त गरेका थिए । उद्घाटन समारोहमा सहकारी मन्त्रालयका उच्च अधिकारी, नेपाल प्रहरीका उच्च अधिकारी तथा सहकारी क्षेत्रका व्यतित्वहरुको सहभागिता रहेको थियो । सहकारी रोजगार मेलामा सहकारी क्षेत्रका ३० बढी स्टलहरु रहेका छन भने मेला अवधिभर पाच हजार बढीले अवलोकन गर्ने अपेक्षा आयोजक संस्थाको छ । यसै सन्दर्भमा महासंघले सहकारीको वर्तमान रोजगारी स्थिती र भविष्यका संभावनाहरु बिषयीक कार्यपत्र पनि प्रस्तुत गरेको छ ।

**बैंक वित्त**

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई आरुष लाइफस्टाइल हस्पिटलमा ३० प्रतिशत छुट




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेड र आरुष लाइफस्टाइल हस्पिटल प्रा.लि बीच बैंकको कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताहरुलाई आरुष लाइफस्टाइल हस्पिटल प्रालिका विभिन्न सेवामा ३० प्रतिशतसम्म छुट प्रदान गर्ने समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

उक्त समझदारी पत्रमा बैंकका चिफ मार्केटिङ्ग अफिसर दिलिप पोखरेल र आरुष लाइफस्टाइल हस्पिटल प्रालिका प्रमुख कार्यकारी अधिकृत डा. सन्तोष शाक्यले हस्ताक्षर गर्नुभएको छ ।

समझदारी अनुसार बैंकको डेबिट र क्रेडिट कार्डवाहक तथा बैंकको मोबाइल बैंकिङ्ग 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरुले आरुष लाइफस्टाइल हस्पिटलमा उपलब्ध सेवामा १० देखि ३० प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् ।

बैंकका ग्राहकहरुले आरुष लाइफस्टाइल हस्पिटलको कुपण्डोल हाईट, ठिमी चारदोबाटो (शंखधर चोक), टुसाल बौद्धनाथ मार्ग, न्यूरोड पोखरा, बर्गाछि विराटनगरस्थित शाखा कार्यालयहरुबाट पनि उपलब्ध हुने सेवाहरुमा उल्लेखित छुट पाउने छन् ।

ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न हस्पिटल तथा सम्बन्धित संघ-संस्थाहरुसँग समन्वय गरी यस्ता किसिमका योजनाहरु ल्याएर ग्राहकहरुलाई प्रत्यक्षरुपमा लावान्भित गर्दै आएको छ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।


# शिवपुरी गाउँपालिका

**नुवाकोट,**
**बागमती प्रदेश, नेपाल**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| | | |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
| गोविन्द प्रसाद थपलिया | विर वहादुर तामाङ | वसन्त कार्की |

जन आकाश — Jana Aakash National Weekly — राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ४४, २०८१ साल असार ११ गते मंगलबार (Jun 25, 2024)

# ओम सागर भण्डारीको सफलताको कथा




*चितवन जिल्ला साविकको पटिहानी ८ हालको (भनपा) १३ मा जन्मनु भएका ओम सागर भण्डारी हाल रामेछाप जिल्लाको डिभिजन वन कार्यालयको प्रमुख अर्थात (म्ँण) हुनुहुन्छ । पटिहानी गंगानगर प्रा.वि.बाट कखरा शुरु गर्नुभएका भण्डारीले कक्षा ३ सम्म पटिहानीमा र कक्षा ४ देखि अमर मा.विमा अध्ययन गरी एस.एल.सी गर्नुभएको हो । त्यसपछि उहाँले वन विज्ञान अध्ययन संस्थान हेटौंडा र पोखराबाट मास्टर गर्नुभएको हो ।*

*उहाँले वि.सं. २०४८ सालमा सरकारी सेवा रेन्जर पोष्टमा दार्चुलाबाट पहिलो सेवा सुरु गर्नुभएको हो । त्यसपछि भण्डारीले लमजुङ, नवलपरासी, काठमाडौ, सिन्धुपाल्चोक, मकवानपुर र चितवनमा सफलता पुर्वक कार्यसम्पन्न गरिसक्नु भएको छ ।*

*उहाँलाई चिन्ने साथी एवं सेवाग्राहीहरुले उहाँको स्वभाव शिक्षक जस्तो भएको बताउँछन् । २०४८ सालतिर तीन वर्ष रेन्जर पदमा जागिरको अनुभव नभई वन विज्ञान विषयमा अध्ययन गर्न नपाउने व्यवस्था थियो । त्यतिवेला अन्य विषय पढ्ने सहपाठी विद्यार्थीहरु अलि अगाडि बढेको आफू पछाडि परको महसुस हुने गरे पनि हाल वन भनेको मानव जीवनमा नभई नहुने वातावरणीय क्षेत्र रहेको यस क्षेत्रमा काम गर्न पाउँदा खुशी लाग्ने गरेको बताउनुहुन्छ । जागिर सँगसँगै २०४८ सालमा नै नारायणी अधिकारीसँग बिवाह बन्धनमा बाधिनु भएका भण्डारीको सफलतामा जीवन संगिनी नारायणीको उत्तिकै सहयोग रहेको बताउनुहुन्छ । नारायणी र ओम सागर दम्पत्तिका एक छोरा एक छोरी रहेका छन् ।*

*सरकारी सेवामा रहँदा पनि उहाँले अध्ययनलाई निरन्तरता दिएर मानवशास्त्र, समाजशास्त्र, नेपाली इतिहास संस्कृति र पुरातत्व विषयमा मास्टर, कानूनमा एलएलबी गर्नुभएको छ । उहाँलाई बहुप्रतिभाको उपाधि दिँदा पनि फरक पर्दैन ।*

*उहाँसँग जन आकाश साप्ताहिकका प्रधान सम्पादक मोहन कार्कीले गर्नुभएको कुराकानीको सम्पादित अंश यस्तो छ ।*

**तपाई यस कार्यालयको प्रमुखको जिम्मेवारीमा आएपछि भएका प्रगतिहरू बताइदिनुस् न ?**

म यस कार्यालयमा २०७९ चैत्रमा आएको हुँ । म आर्थिक वर्षको लगभग अन्तिम अन्तिममा आएको हुनाले वृक्षारोपण, पोखरी निर्माण, जनताहरुसँग भेटघाट गर्ने काम भयो । अघिल्लो बर्ष वन्यजन्तुहरुलाई पानी खुवाउने, जलाधार संरक्षण गर्न ४ वटा पोखरीहरु निर्माण गर्‍यौं। मन्थलीमा सानो मदौ सामुदायिक वन, रामेछापको देउरालीमा रहेको कालिका सामुदायिक वन, मन्थलीकै खोक सामुदायिक वन,सुनापतिको सिकारी लहरा सामुदयिक वनमा पोखरी निर्माण गरेका छौं ।

वृक्षारोपणको क्षेत्रमा १४ वटा कार्यक्रमहरु थियो । जलवायु परिवर्तनको लागि २० हेक्टर क्षेत्रमा वृक्षारोपण गर्‍यौं जसमा सानो मदौ सामुदायिकमा १० हेक्टर, खाडादेवीको ठूलो वन सामुदायिक पकरवासमा ७ हेक्टर, सुनापतिको सिकारी लहरा सामुदयिक वनमा ५ हेक्टर गरी झण्डै २२ हेक्टरमा वृक्षारोपण गर्‍यौं । त्यसैगरी कबुलियती वन उपभोक्ताहरुलाई कागती र जुनार गरेर ५ लाखको कार्यक्रम थियो । २० वटा क्लस्टर थियो । २ वटामा त्यो काम गर्‍यौं। यसका अलवा जडिबुटी सम्बन्धि कार्यक्रमहरु थिए । गोकुलगंगा गाउँपालिकाको ठोसे स्थित ताबे सव डिभिजन कार्यालय अर्न्तगत जलकाली सामुदायिक वनमा किसानहरुसँग मिलेर लौठ सल्लो, टिम्बुरका विरुवाहरु रोप्यौं ।

त्यसैगरी लिखु तामाकोशी गाउँपालिकाको धोवी सव डिभिजन कार्यालय अन्तर्गत वार्ड नं. ३ मा ७ हजार ४ वटा टिम्बुरका बोटहरु रोप्यौं यी कामहरु असाध्यै सफल भएका छन् । त्यसैगरी बिलौरी क्षेत्रमा चिराइतो, अग्रेलीको गरेर ८ लाखको काम गरेका छौं ।

शहरी क्षेत्रमा वातावरण सफा राख्नुपर्छ भनेर रामेछापको बागमती प्रादेशिक अस्पतालको प्राङ्गण तथा आसपास क्षेत्रमा बिभिन्न किसिमका फोहोर संकलन गरी व्यवस्थापन गर्‍यौं । त्यसैगरी विद्यालय, अन्य अस्पतालहरुमा डष्टबिनहरु वितरण गर्‍यौं ।

पहिला ती फोहोर संकलन गर्ने कन्टेनरहरु प्लाष्टिकका हुन्थे त्यसले पछि पुरानो हुँदा त्यही डष्टबिनले वातावरणको लागि प्रदुषण हुने भएकाले त्यसको ठाउँमा फलामको बनाएर वितरण गर्‍यौं । पुनः प्रयोगमा आवस भनेर हामीले यस्तो व्यवस्था गरेका हौं ।

त्यस्तै गोकुलगंगाको नमाडीदेखि ठोसे हुँदै शिवालयसम्म मानिसहरुलाई वन, वातावरण संरक्षण सम्बन्धि जन चेतना फैलाउने उद्देश्यले बिभिन्न ठाउँमा वोर्डहरु राख्यौं । विद्यालय, क्लबहरुमा वातावरण सम्बन्धि कार्यक्रम गर्‍यौं । यी आदी कामहरु हामीले मुख्य रुपमा गरेका छौं ।

**२०८० सालको अन्तिमतिर देशका जङ्गलहरूमा डढेलो लाग्यो रामेछापका वनमा पनि लाग्यो । त्यसको कारण के रहेछ र वन जोगाउन तपाईहरूले कस्तो तयारी गर्नुभएको छ ?**

निश्चय पनि यो सुख्खा समयमा डढेलो नियन्त्रण गर्न भनेर माघको १५ देखि असार १५ सम्मको लागि खुल्ला प्रतिस्पर्धा गराई अग्नि दस्ता तयारी अवस्थामा राखेको थियौं । वनसँग भएका मौजुदा कर्मचारी, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी लगायत स्थानीय तहहरुसँग समेत समन्वय गरेर हामीले डढेलो लाग्न नदिन सक्दो प्रयास गर्‍यौं । गएको सालभन्दा आगो कम लागोस भन्ने इच्छा त थियो । तथापि त्यस्तो हुन सकेन । बिडम्बना भन्नुपर्छ । आगो लाग्नुमा कस्तो देखिन्छ भने भित्री रुपमा इच्छा त कसैको हुँदैन । तथााप सानो झिल्काले संसार पिट्छ अनायासै ठुलो डढेलो जाला भन्ने नठान्ने, आफ्नो क्षेत्रको संरक्षण आफैले गरे सुरक्षित भइन्छ भन्ने सोच नराखेर, हेलचेक्राई गर्दा अधिकांश क्षेत्रमा आगो लागेको देखिन्छ । भन्नुको अर्थ यती ठुलो क्षति हुन्छ भनेर त्यो आगो लगाउनेले नसोचेको र कल्पनागरेभन्दा बाहिर जान्छ भन्ने कुरा गम्भिरतापूर्वक नबुझ्नु नै हो ।

आगो मानिसले लगाएको निश्चितै हो । प्राकृतिक आगो नेपालमा छैन । अत्ति तापक्रम भएको चैत्रमा ४०/५० डिग्री पुग्ने पनि होइन । २७/२८ डिग्री २५ देखि ३० डिग्रीको बीचमा आगो आफैं लाग्दैन । त्यसकारण मानवजन्य आगलागीले नै डढेलो लागेको हो भन्ने हाम्रो निस्कर्ष हो ।

त्यसको रोकथामको लागि वस्ती छेउछाउमा वन सफा गर्ने अर्थात पात पतिङगर हटाउने, बाटोको आसपासमा आगलागी हुने खालका झ्यास पतिङगर नराख्ने जस्ता हामीले प्रयास गरेका छौं । त्यतिको सावधानी अपनाउँदा समेत आगलागी भएका छन् । यो मानवीय त्रुटी नै हो ।

वनमा आगलागी हुँदा नियन्त्रण गर्न कतिपय ठाउँमा सफल पनि भएका छौं । तर कतिपय ठाउँमा भिरालो क्षेत्रमा आगो निभाउन अफठ्यारो हुने, त्यस क्षेत्रमा हावाको गति बढी हुने, आगो बल्दै आउँदा अन्य क्षेत्र सुख्खा हुने गर्दछ । झनै दशैं देखि पानी परेको थिएन । त्यसै पनि सुख्खा नै थियो । त्यसकारण आगलागी बढी नै भयो । आगलागी हुनुमा जनताको व्यक्तिगत रुपमा व्यक्तिगत नै दोष छ । त्यसमध्य हामीले दुई ठाउँमा जङगलमा आगलागी गराउने मानिस नै पक्राउ गरेर वन ऐन २०७६ अन्तर्गत उनीहरुलाई ३ वर्ष कैद र ६० हजार जरिवाना सो बराबरको विगो भराउने गरी मुद्दा दायर गरेका छौं ।

त्यस्तै आगलागी सम्बन्धि २०६६ सालमा रामेछापको त्यतिवेलाको जिल्ला हस्पिटल आसपासमा लागेको आगलागी नियन्त्रण गर्न गएका नेपाली सेनाका राष्ट्र सेवक १३ जना जलेर मृत्यु भएका थिए । तपाइ नै आएपछि जस्तो लाग्छ । त्यहा स्मरणपार्क बनाएको छ । सालिक पनि छोपेर राखिएको छ । उद्घाटन चै किन हुन नसकेको ?

ढिलो भएको सही कुरा हो । कार्यक्रम अन्तिम अन्तिममा थियो । त्यसमा सामान्य फिनिसिङका कामहरु बाँकीनै थिए । यो कार्यक्रम २०७९-८० को अन्तर्गत थियो । त्यो कार्यक्रम प्रदेश सरकारको २५ लाखको बजेटमा आगलागी नियन्त्रण गर्न खटिएका वेला शाहदत प्राप्त गरेका नेपाली सेनाका राष्ट्र सेवकहरुको सम्झानामा पार्क बनाउँने कार्यक्रम अन्तर्गतको हो । त्यो करिव करिव सम्पन्न भइसकेको छ ।

त्यतिबेला असार साउन लाग्यो । दशैं तिहार लाग्यो । स्थानीयहरुको पनि समिति बनाइएको थियो । स्थानीयले व्यवस्थापन गर्ने भन्ने विषयमा प्रवेश गरेपछि भोलि भोलि भन्दाभन्दै ढिलो हुन गयो । प्रदेशको कार्यक्रम हो । प्रदेशको मन्त्रीज्यूलाई नै ल्याएर उद्घाटन गरौं भन्ने थियो । मन्त्रीज्यूलाई खबर गरेर कार्यक्रम पनि चैत्रमा तय भइसकेको थियो । तर चैत्रमा नै सरकार फेरबदल हुन गयो । त्यसपछि अहिले मन्त्रीमण्डल गठन भएको छ । प्रदेश मन्त्रीज्यूसँग कुराकानी भइरहेको छ । समय मिलाउँछु भन्नु भएको छ । सम्भवतः चाँडै नै अग्नि नियन्त्रण गर्न गएका वेला शाहदत प्राप्त गरेका सैनिकको सम्झनामा बनाइएको पार्क उद्घाटन गर्ने तयारी गरेका छौं ।

तपाईले लामो समय वन कर्मचारीको रुपमा काम गर्नुभएको अनुभवले पोख्त हुनुहुन्छ । नेपालका पाठ्य पुस्तकमा हरियो वन नेपालको धन भनेर पढाइन्छ भने जस्तै गरी वनलाई धनमा परिणत गर्न सकिन्छ कि सकिदैन ?

तपाईले एकदमै चासोको विषय उठाउनु भयो । यो हामीलाई जहिले पनि लाग्छ । यो हामीलाई किन लाग्छ भने नेपालमा जति पनि स्रोत छ । हाम्रो अर्थतन्त्र जुनस्तरमा छ । त्यो स्तर हेर्दा हामीले वास्तवमा वनमा प्राकृतिक स्रोतहरुलाई परिचालन गरेर धन कमाउन सक्छौं । यसमा नै केन्द्रित हुनुपर्छ । जतिपनि युवाहरु विदेशिएका छन् । उनीहरुलाई प्राकृतिक रुपमा नै रुपान्तरण गरेर जस्तै त्यसलाई विविधिकरण गरी सेवा दिन सकिन्छ । रोजगार दिन सकिन्छ । विविध पक्षमा ठूलो टेवा दिन सकिन्छ भन्ने लाग्छ । यसमा प्रत्यक्ष क्षेत्रहरु जस्तै जलवायु कार्वन उत्सर्जन पर्यावरण,

पर्यटन, जलविद्युत, विविध आयाम कृषि वस्तुबाट नै प्रत्यक्ष लाभ लिन वनमा धेरै स्रोत छ । जुन चीजहरुलाई हामीले परिचालन गर्न नसकेको अवस्था छ । हामीले जान्दा हरियो वन नेपालको धन भन्दा पछिल्लो समय बिक्रमको ७० को दशकताका ३० प्रतिशत जति वन थियो । त्यतिवेला काठ दाउराहरु इन्धनको स्रोत खेतिपाती, पशुपालनलाई वनबाट नै निर्भर रहनुपर्थ्यो व्यापक रुपमा वन फडानी भएको थियो । सरकारको नीति जनताको सम्पत्ति जनताले उपयोग गर्ने हो । राष्ट्रको सम्पत्ति उनीहरुलाई नै अपनत्व गर्ने गरी उनीहरुलाई नै व्यवस्थापन गर्न दिनुपर्छ भनेर १९७८ मा सामुदायिक नीति आएको हो । २०३३ सालमा एउटा नीति नै पास गरेर स्थानीय तहले नै पञ्चायत वन पञ्चायत सामुदायिक वन भनेर प्रत्यक्ष जनतालाई सहभागिता बनाई तत्पश्चात विस्तारै २०४६ को प्रजातान्त्रिक व्यवस्था पछि पूर्णतः जनतालाई नै स्वायत्तता गराउने र उनीहरु चै ड्राइभर उनीहरुलाई निर्देशित गर्ने वन कर्मचरी नै डाईरेक्टरको रुपमा काम गर्ने र जनताहरुलाई के दिने प्राबिधिक विषयम सिकाउने भन्ने हिसावले काम गर्दा वन नेपालको कुल क्षेत्रफलमा ४५ प्रतिशतसम्म पुगिसकेको छ ।

अव रह्यो कुरा युवा जनशक्तिहरुलाई देशमै राखेर यहाँ भएका जडिबुटी, रुखका विविध प्रजातिहरुलाई हार्वेष्ट गरेर, औद्योगिकीकरण गराएर फरेष्ट वेष्ट इन्डष्ट्रिजहरुमा लगाउन सकिने प्रचुर सम्भावना छ । ३० देखि ४० लाख सम्म मानिसहरुलाई रोजगारीमा लगाउन सकिन्छ वनजन्य उद्योगबाट अप्रत्यक्ष धेरै फाइदा हुन्छ । वनजन्य स्रोतहरु प्रयोगमा नआँउदा सरकारको नीतिले पनि बाहिरबाट आउने काठजन्य चीजहरुलाई रोक्न नसक्दा हाम्रा वनका स्रोतहरु जङगलमा नै कुहिएर वनमै खेर गई राखेका छन् । केही डढ्न पुगेका छन् । त्यसलाई नीतिगत सुधार गरेर हाम्रै देशको काठलाई आधुनिक तरिकाले वनजन्य उद्योगहरु स्थापना गर्ने, जडिबुटीजन्य वस्तुहरुको उद्योगहरु स्थापना गर्ने युवाहरुलाई यही रोजगारीमा लगाउने जुन रियुजिनेवल हो । झिकेर कहिल्यै सकिदैंन ।

बरु बढी चै वनमा सुकेर वसेका काठ दाउराका कारण आगलागी हुने गरेको छ । यस्ता अवस्थाहरुलाई परिवर्तन गरेर व्यवहारिक रुपमा वनलाई सदुपयोग गर्न सक्यौं भने देशलाई समृद्धि बनाउन सकिन्छ ।

यता राज्यले युवाहरुलाई रोजगारीको लागि पूर्णत सहित जवरजस्त विदेश जानबाट रोकेर न्यूनतम् जीवन यापन गर्नसक्ने व्याक्तिगत रुपमा धनी हुने आकांक्षा त्यागेर विदेश जान अनुमती नै नदिने र देशको संरक्षण उन्नति गर्न तैले गर्नुपर्छ भनेर लगाउनुपर्छ । १०० रोपनी जग्गा हुने मानिसहरु आज विदेश गइरहेका छन् । जङ्गल हुर्केको छ । खेतवारीहरु बाझो छन् । उनीहरुलाई जवरजस्त विदेश जान नपाउने नीति बनाई सरकारले कुन क्षेत्रबाट हुन्छ अनुदान दिएर मितव्ययिता अपनाई यहाँका स्रोतहरुलाई वस्तुमा उत्पादन गरेर बेच्न सक्नुपर्छ । यसरी रोजगार सिर्जना गर्नेतिर लाग्यौ भने व्यापक रोजगारीको सम्भावना छ । समृद्धि पनि सम्भव छ । यस्तो हुँदा वन जङगलमा आगलागी हुने रुखहरु डढ्ने सम्भावना पनि हुँदैन । राज्यले अलि केन्द्रमा राखेर कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

**तपाई युवाहरूलाई रोगगार दिन सकिन्छ भन्नुहुन्छ । तर तराइमा कतिपय ठाउमा जङगल फडानी गरेर तीनबाली हुने ठाउमा बसेका किसाहरूलाई २० बर्ष पछाडी वातावरण जोगाउने नाममा जनताबाट जमिन खोसेर बिरूवा रोपिएका छन् । तपाईको भनाईमा र सरकारको नीतिमा तार तम्यता नमिलेको त होइन ?**

कुरा यस्तो छ । हाम्रो वन व्यवस्थापन प्रणाली जनतामा आधारित नै हो । सामुदायिक वेसमा सामुदायमा आधारित वन व्यवस्थापन यसको बिकल्प छैन । जनतालाई नै त्यसको व्यवस्थापन गर्न जिम्मेवारी दिएको छ । सार्वजनिक ठाउँमा रहेको वन जङगलहरुलाई स्थानीयहरुको समूह वनाई त्यसलाई वनको रुपमा नै प्रयोग गरेर नियम र विधि बनाई काठ काट्न सक्छन् । कुनै अधिकारबाट रोकतोक छैन । चाहे त्यो सामुदायिक वनको रुपमा विकास गरेर हुन्छ कि चाहे त्यो निजीकरण वनको रुपमा विकास गरेर हुन्छ कि अथवा राष्ट्रिय वनबाट पनि राज्यको एउटा संगठन बनाएर गाउँपालिका छ । नगरपालिका छ । प्रदेश सरकार छ । केन्द्रीय सरकार छ । सबै क्षेत्रबाट सम्भाव्यता जति वन रिर्सोसेजहरु छ । त्यसको व्यवस्थापनको लागि तल्लो तहबाट भएका रिर्सोसेजहरुलाई कार्ययोजना बनाएर हार्वेष्ट गरेर रोजगारी सिर्जना गर्ने र आयवृद्धि गर्ने जीवन यापन सुधार गर्न सक्ने काम गराउन सकिन्छ ।

व्यक्तिगत आफुखुशी गरेर संस्थागत नभईकन त सिस्टमेटिक डेभलपमेन्ट पनि हुँदैन । केही त्यस्ता आफुखुशी गर्ने क्रममा वनले दुःख दियो भन्ने होलान् । तर संस्थागत रुपमा वनले समुदायमा आधारित नीति अन्तर्गत समुदायलाई हित गर्ने काम गर्छ ।

**मैले जोड्न खोजेको यहाा हो तराईमा केही बर्ष अगाडि सुकुम्बासी भूमीहिनहरूले वर्षौं लगाएर वन फाडेर खेती शुरू गरे जहाा वार्षिक तीन बाली खाद्यन्न उत्पादन हुन्थ्यो । त्यो पछि सरकारले पुनः रूख रोपेर जङगल बनायो । त्यही विषयलाई लिएर जनताहरूले जहाा तीन बाली उत्पादन हुन्छ त्यहा रूख रोपेर जङगल बनाउछ । जहा अन्न त्यति फल्दैन त्यहाा चै खेती गर भन्छ भनेर भन्छ भन्छन् । यस्ता विषयमा देशभरिका डिएफओहरूको संयुक्त वैठकमा तपाईहरूले विषय उठाउनुहुन्न ?**

त्यसमा हामीले हेर्ने भनेको वन विभाग अन्तर्गत जति पनि दर्ता नभएका जमिनहरु छन् । ती जमिनहरु परिभाषाले वन भन्छ । सरकारले विभिन्न समयमा २०३३/३४ सालसम्म जतिपनि नापी भए संघ, संस्था व्यक्तिको नाममा ती व्यक्तिका गुठीका जग्गा भए । त्यही नापी हुने क्रममा रहेका छुटेका यो पनि पाइन्छ भनेर बढी ओगटेका त्यो काम सकेपछि पनि पाइन्छ भन्ने आशाले विभिन्न राजनीतिक आड भरोसामा कतिपय ठाउमा खेतीपनि गरिरहेको अवस्था छ । त्यसलाई मालपोत कार्यालय, भूमिसुधार मन्त्रालय अन्तर्गतको त्यो जग्गा हुन्छ । त्यो पुर्जा नभएको हकमा वन कायम गर्नुपर्ने र कुनै व्यक्तिले वन फडानी गरेर जग्गा प्रयोग गरेको रहेछ भने वनकै क्षेत्रमा कायम गर्ने नीति कार्यक्रम अनुसार प्रदेश सरकारमा त्यही हुन्छ । प्रदेश अन्तर्गतबाट खटिएका डिभिजन डिएफओहरुको काम पनि वन अतिक्रमण गरी बनाइएका घर टहरा, वस्ती हटाई वन विस्तार गर्ने भन्ने कार्यक्रमहरु हुन्छन् । केही वर्ष अगाडि रौतहट जिल्लामा २२ विगाहा जग्गा दर्ता नै भएको पनि वनले बदर गरायो त्यहाँको विनोद सिहं डिएफओ साप राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनुभयो । केही फरक मानिसहरुले पनि समुदायमाथि फाइदा उठाइराखेका हुन्छन् । कतिपय ठाउँमा दर्ता नभएका लामो समयदेखि स्थानीय वातावरण कुनै कारणले बसिराखेका हुन्छन् । त्यस्ता ठाउँमा सकारको कार्यन्वयन नीति अर्न्तगतकै गर्न भनिएको हुदा त्यहा खेती गरिएको देखिएको हुन्छ । हाम्रो परिभाषा र दायित्व चै सरकारको नीति र निर्देशनमा त्यस्ता सरकारको जग्गा अतिक्रमण गर्नेलाई हटाएको भन्ने हुन्छ । दुवैतिरको कुरा ठिक लाग्न सक्छ ।

हामीले तोकिएको कार्यक्षेत्रमा काम गर्दा त्यस्ता घटना हुन्छन् । त्यसकारण हामी डिएफओ भईसकेपछि त्यस्ता घटनाको बचाउ गर्नैपर्ने हुन्छ ।

**यतिवेला तपाई रामेछापको डिएफओ हुनुहुन्छ ठोसे फलाम खानीको वारेमा इतिहास पढ्नु भएको होला । त्यहाको खानी अहिले बन्द छ । त्यहाका स्थानीय वासिन्दाका अनुसार २०३१ सालमा नापी आयो नापी आएपछि त्यो फलाम खानी क्षेत्र वनको नाममा गयो । त्यसपछि फलाम खानी बन्द भयो । तपाईलाई कतिको जानकारी छ ?**

नेपालको पहिलो फलाम खानी

» क्रमश...

कहाँ हो भनेर लोक सेवामा सोधिने र सामान्यज्ञान लगायतमा ठोसे फलामा खानी पहिलो भनिएको छ । त्यहाबाट फलाम निकालेर बनेका पुलहरु आजपनि खोलाको माथिबाट लड्डाहरु झुण्डिराखेको भेटिएको छ । म पनि त्यो ठाउँमा पुगेको छु । त्यो समयमा देशभित्रकै स्रोतहरु परिचालन गर्ने सोचहरुबाट त्यतिवेला काम गरिएको देखिन्छ । पछि शासन व्यवस्था परिवर्तन हुँदै गए । वन सरक्षण गर्ने कुराहरु हुँदै गए । राज्यको नजरमा सायद त्यो त्यहाँ यातायात सवै कुरा पुऱ्याएर मास स्केलमा नयाँ टेक्नोलोजी लगाएर उत्पादन गर्नुभन्दा अन्यन्त्रबाट ल्याउदा इकोनोमिक बचत भएको जस्तो मानेको हो । यस्तो क्षेत्रलाई राज्यले नै गनुपर्ने किन भएन भन्दाखेरी हाम्रो एउटै चासो हो । केन्द्र सरकारले नै केन्द्रमा राखेर फलाम खानी सञ्चालन गर्नुपर्ने देखिन्छ । अहिले परिभाषाले वन क्षेत्र परेपनि राज्यले चायो भने त्यो क्षेत्रलाई वनबाट छुट्याएर औद्योगिकरणमा लानसक्छ पहिला राज्यको नीतिमा आउनु पऱ्यो ।

**झण्डै ३ दशक वन क्षेत्रमा काम गर्नुभएको अनुभव छ । त्यो अनुभव आउादो पुस्ताले सम्झी राख्थ्यो होला भनेर परिकल्पना गर्नुभएको छ ?**

अत्यन्तै सारमा भित्री अन्तर आत्माकै मन छुने विषय उठान गर्नुभयो । मानव जीवन र वन वातावरण भन्ने कुरा एक आपासमा अन्तर सम्बन्ध राख्छन् । त्यसमा पनि सृष्टिको उत्कृष्ट प्राणी मानिस भएको हुँदा पूर्ण प्रयोग, व्यवस्थापन गर्ने हामी र हाम्रै हातमा हो । त्यसमा पनि हामी फरेष्टली प्रोफेशनल आईसकेपछि यसको क्षेत्रगत हिसावले पनि हामीमा रहन्छ । गर्व पनि लाग्छ । यतिधेरै रिर्सोसेज हामीले वनाई सक्यौं ।

हरियो वन नेपालको धन स्कुलमा, क्याम्पसमा पढ्यौ भाग्यले यहि क्षेत्रमा प्रवेश गऱ्यौं । गाउँ ठाउँमा पढेपनि रेन्जर भएर पहिलो पोष्टिङ दार्चुलामा पुग्दा दुःख पनि लागेको थियो । दार्चुला बिकट जिल्ला बिकट जिल्लाको पनि बिकटमा पुग्नुपर्ने रेन्जर भएर जंगल भनेको सजिला ठाउँ मानिसले प्रयोग गरेर छोडेको ठाउँ भिरालो अफठ्यारोमा जङगल हुने त्यस जङगलको नाम कैचुला पाहाड भन्थे त्यतिवेला कमर्श वा अन्य विषय पढेको भए कमसेकम सदरमुकाममा त बसेर काम गर्न पाइन्थ्यो भन्ने लाग्थ्यो । त्यस माथि पनि गाउँमा दुःखी, गरिव, अशिक्षित, पीडित जसको जंगलमा बाध्यताले जानुपर्ने हुन्थ्यो उनीहरुलाई सम्झाएर बुझाएर वन सरक्षण गर्दै काम गर्नुपर्थ्यो । ती अशिक्षित गरिवहरुलाई समेत विश्वासमा लिएर वन वातावरण संरक्षण गर्न सफल भूमिका निर्वाह गरेको थिय । तिनै अनुभवहरु अहिलेका नयाँ पुस्तालाई दिन पाउँदा निक्कै खुशी लाग्ने गर्दछ ।

राज्यले युवाहरुलाई यही नीति बनाएर वन्यजन्तु फार्मिङ, जडिबुटीजन्य उद्योग, ठूलो स्केलमा काठ उद्योग, आर्गानिक फार्मिङ गर्ने, हिमाली ब्राण्ड बनाएर भारत र चीनलाई सप्लाई गर्न सकिन्छ । यो गर्न सकिन्छ भन्ने आधार कोरोनाको काल २०७६/७८ मा मानिसहरु शहरबाट भागेर गाउँ गए गाउँका घरबारीहरु सफा भएका थिए । शहरमा मानिस हेर्दा सुकिला र सुखी भएको जस्तो देखिन्छ । तर खुशी छैनन् । हाम्रै जङगलमा जडिबुटीसँग, वन्यजन्तुसँग खेलेर धनी हुन सक्छौ । वन पैदावारबाट पराना काठ निकालेर नयाँ रोप्न सक्छौ । हामी कामको लागि खाडी पनि जानुपर्दैन ।

वन्यजन्तु उत्पादन र पर्यटन काठ उत्पादन यति गरे पुग्छ । जमिन कसैलाइ कमी छैन । भन्ने एउटा भाषा छ । जमिन छैन । अर्को १०० रोपनी जमिन भएको मानिसले कृषि गर्दैन । हामीसँग जमिन कम छ त ? पुर्जा मात्र जमिन भन्ने हो भने छैन । तर काम गर्छु पसिना बगाउँछु र केही विविधिकरण गर्छु कृषि गर्छु, वन हुर्काउँछु । वन्यजन्तु पाल्छु भन्नेलाई सम्भावना नै सम्भावना छ । हाम्रा युवाहरुलाई हामीले सम्झाउन सकेनौं या युवाहरु बढी महत्वकाँक्षी भए कि राज्यले शिक्षा प्रणाली सुधार्न सकेन । यस्ता नीतिहरुलाई हेरेर विदेशमा जानबाट युवाहरुलाई रोक्ने, गएकालाई समेत फर्काउने र कहाँबाट शुरु गर्ने भनेर योजना बनाई काम शुरु गर्नुपर्छ । प्राकृतिक स्रोतहरु कहिल्यै सकिदैनन् । प्राकृतिक घरहरु बनाउदा जैविकतालाई पनि टेवा पुऱ्याउछ । रुख नकाटौं वातावरण जोगाऔं भन्ने विज्ञापन आउँछ । त्यो वातावरणमैत्री विज्ञापन होइन । जति पनि हामीले काठ प्रयोग गरेर घर बनाउँछौ । जति वन संरक्षण गरेर धेरै काठ उत्पादन गर्छौ त्यतिवेला चै जलवायु परिवर्तन जैविक सन्तुलनमा रहन्छ ।

सिमेन्टबाट, रडबाट घर बन्छ अनि रुख बच्छ भनेर वातावरण जोगिदैन । काठको कार्वन घरमा प्रयोग हुँदा मात्र जैविक संरक्षण हुन्छ । जस्तै रुख बढीरहेको हुन्छ । काठ उत्पादन भइराखेको हुन्छ । काठको सुरक्षित प्रयोग भई घरमा कार्वन अवतरण हुन्छ । यिनै मेरा अनुभवहरु हून् ।

**लोपोन्मुख प्रजातीहरुको बारेमा वनले कस्तो कार्यक्रम बनाई राखेको छ ?**

सरकारले वन्यजन्तु तथा संरक्षण तथा व्यवस्थापनको लागि २०२९ सालमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ भनेर जारी गरेको छ । त्यो ऐनले जम्माजम्मी २६ वटा त्यसमा ९ वटा चरा, ३ वटा घर्सने जनावरहरुलाई संरक्षित रुपमा सरक्षण गरेको छ । ती मध्य हामीकाहा बढी बहुमूल्य र चोरी सिकारी हुने नेपाली भाषामा हाब्रे भन्छौ (रेड पाण्डा) र सालक विश्वकै चोरी सिकारीको चपेटामा परेको जनावार भनेर मानिन्छ । यो सालक हाम्रो क्षेत्रमा धेरै पाएका छौं र सवै गाउँपालिकामा पाइन्छ भन्ने छ । त्यसका आवासहरु पनि भेटिएका छन् । गएको साल पनि पकरवास क्षेत्रमा जीवितै एउटा समातेर वनमा छोडेको अवस्था छ । त्यसैको संरक्षणको लागि पनि हामीले बागमती प्रदेशको कार्यक्रम अन्तर्गत १३ वटै जिल्लामा सालक वासस्थान संरक्षण जनचेतनासँग सम्बन्धित जनताको बढी चाप देखिने ठाउँमा पार्क बनाउने नीति अनुसार मन्थलीको चिसापानीमा सालक पार्क स्थापना गरेका छौं।

गोकुलगंगाको माथिल्लो भेगमा गौरीशंकर संरक्षण क्षेत्रपर्छ तल्लो भेग ठोसे आसपास हामीले हेर्ने क्षेत्र छ । त्यहा (रेडपाण्डा) हाब्रे पाइन्छ । अत्यन्तै लजालु स्वभावको हुन्छ । त्यो पनि सालक पनि त्यस्तै नै हो । अझ सालक दयालु स्वाभावको हुन्छ । लगायतका हिम चितुवा गौरीशंकर क्षेत्र त्यहाको ल्याण्डस्केप प्राकृतिक कण्डिशनमा छ । त्यसलाई संरक्षण गर्नको लागि यी पुर्खाका नासोहरुलाई हामीले संरक्षण गर्नुपर्छ । लगायत पर्या पर्यटनको लागी यी अमूल्य निधी हुन् । यसरी डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रमा आएको हेर्ने गर्छ ।

**अन्तमा भन्न छुटेका बिषयहरु राखिदिनुस् न ?**

मैले वन क्षेत्रमा काम गरेको विज्ञताको हिसावले सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरु विभिन्न समाज रुपान्तरणको लागी राजनीतिक पार्टी विभिन्न संघ संस्थाहरुलाई के भन्न चाहन्छु भने, "नेपालको भविष्य वन क्षेत्रको संरक्षण र व्यवस्थापन यहाँ भएका वन जङगल, जडिबुटी यहाँका हिमालबाट निस्केका जल सम्पदाहरुको सदुपयोग त्यसबाट पर्यटनको विकास, संस्कृति प्रबर्द्धनबाट यहाँको रोजगारीको विकास सम्भव छ ।"

युवाहरुलाई विदेश जानुपर्ने अवस्था छैन । अधिकांश मानिसलाई छैन । रहर र महत्वकांक्षा बढेको छ । त्यो छोडेर समग्र रुपान्तरणमा लागेर इतिहास बोकेका राजनीतिक सिद्धान्त, विचार बोकेर राजनीतिमा लागेकाहरुले आ-आफ्नो क्षेत्रबाट म म भनेर लाग्नुपर्छ । नेपालको हकमा हामीले धेरै वन क्षेत्र संरक्षण गरेका छौं चाहिनेभन्दा बढी त्यहाभित्र धेरै चीजहरु खेर गइरहेकाछन् । यद्यपि वन विभाग र वन क्षेत्रसँग ठोकिन आउँछ यस्ता विषयलाई सरल, सहजसँग अपनाएर हामीसँग भएका स्थानीयस्तरमा सदुपयोग गरेर यहाँका युवाहरुलाई परिचालन गर्न सक्ने सीप सिकाएर सक्षम बनाइदियो भने विदेशमा गएर अर्कालाई फाईदा दिएर अर्काको काम गरेर श्रमिकको ज्याला लिएर कमाएर आउँछु भनेर गर्व गर्न छोड्ने वातावरण बनाउनुपर्छ ।

अर्को जिल्ला अनुसारको वातावरणबाट आय आर्जन गर्न सकिन्छ । तराई क्षेत्रमा तीन बालीसम्म खेती गर्न सकिन्छ । माथिल्लो भागमा माटो अनुसार रुखहरु खेतीको रुपमा व्यवसाय गर्न सकिन्छ । यस्ता काम गराउनलाई राजनीतिक पार्टीहरुले आ-आफ्ना मातहतमा रहेकाहरुलाई विदेश नजान र यही सम्भावना भएका क्षेत्रमा काम गर्न प्रशिक्षण गराउनुपर्छ । हिजो राज्य परिवर्तनको लागि जुन तरिका थियो । आज देश बनाउने, तिमीहरु, हामीहरु हाम्रो अन्तर्गतको युवा विदेश जान्नन् भन्ने सन्देश प्रवाह गर्न जरुरी छ ।

यहाँ रामेछापका सेवाग्राहीको हकमा के भन्न चाहन्छु भने रामेछापमा चार तहको भूगोल छ । गर्मीदेखि हिमाली क्षेत्रको हावापानी छ । तल्लो क्षेत्रमा सुनकोशी, तामाकोशी अलि माथी लिखु, खिम्ती खोलाहरु छन् । स-साना अन्य खोलाहरु पनि छन् । रामेछापका कतिपय ठाउँहरु यस्ता छन् । सुख्खा छन् सुख्खा क्षेत्रमा हुर्कने रुख पाइन्छ । त्यस माटोलाई चिन्नुपर्छ । जहाँ खयर, रक्तचन्दन, श्रीखण्डको व्यापक खेती गरीयो भने करोडौ आम्दानी गर्न सकिन्छ । यहाँ कहाँबाट शुरु गर्ने भन्ने कुरा हो । हामी पानी परेन भन्छौ पानी नपर्ने ठाउँहरुमा पनि हामीले बहुमूल्य रुख उत्पादन गर्न सक्छौ भनेर जान्नुपर्छ ।

माथिल्लो भेगमा व्यापक जडिबुटी छ । कुटकी छ । यार्सा गुम्बा छ । अग्रेलीहरु छन् । नेपाली कागज बनाउने लोगती छ । दोरम्बा, गोकुलगंगा, उमाकुण्डतिर त्यो स्रोसँग उपयोग भएको छैन । ती स्रोतहरुलाई उपयोग गर्न नयाँ तरिकाले उद्योग खोलेर ठूलो स्केलमा उत्पादन गरेर देश-विदेशमा समेत निर्यात गरेर आम्दानी गर्न सकिन्छ । तल्लो तटीय क्षेत्रमा बेल छ वेलको औषधी बनाउन प्रयोगमा आउँदो रहेछ । त्यो किसानको वारीका पनि त्यतिकै छ । सामुदायिक वनमा पनि त्यतिकै छ । त्यसको बारेमा सचेत गराएर त्यससँग सम्बन्धित वनहरु हुर्काइयो भने तल्लो भागमा पनि वनबाट समृद्धि देखिएको छ ।

यहाँका स्थानीयहरुलाई मैले भन्ने गरेको छु । खयर र रक्तचन्दनमा लाग्नुस भनेर खाडादेवी २ मा एकजना प्रधानले श्रीखण्ड २० रोपनी जतिमा लगाउनु भएको छ । एकदमै सफल छ । यसरी काम गर्दा भोलिका दिनमा मलाई यो रुख देउन भनेर ग्राहक आँफै आउँछन् ।

यहाँ सुख्खा छ भनेर बस्ने होइन । प्रकृतिले सुख्खा दियो त्यो सुख्खामा जे फल्छ त्यो लगाउने हो । खयर, रक्तचन्दन, श्रीखण्ड फल्दो रहेछ त्यही लगाउने हो भन्न चाहन्छु ।

अन्तिममा तामाकोशी, सुनकोशी नजिकै छ । लिफ्टिङ गरेर सिंचाई पनि गर्न सकिन्छ । आकाशबाट नपरेको मात्रै हो । जलस्रोतको अथाह भण्डार छ । त्यसको व्यवस्थापन गरेर सदुपयोग गर्न सकिन्छ । हामीसँग बिजुली छ भने पानी ल्याउन सकिन्छ । रामेछापका वन क्षेत्रबाट विकास गर्न सकिन्छ भन्ने मलाई लागेको छ ।


# किस्पाङ गाउँपालिका

काहुले, नुवाकोट,
बागमती प्रदेश, नेपाल

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| बिरबल तामाङ | अर्जुन प्रसाद न्यौपाने | केदार प्रसाद खतिवडा |

# ककनी गाउँपालिका

रानीपौवा, नुवाकोट,
बागमती प्रदेश, नेपाल

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| सुमन तामाङ | मिठ्ठु माया तामाङ | खम्बराज राई |

# तारकेश्वर गाउँपालिका

दाङसिङ, नुवाकोट,
बागमती प्रदेश, नेपाल

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| शिव अधिकारी | हरि प्रसाद रिमाल | गिमन थापा मगर |

# दुप्चेश्वर गाउँपालिका

समुन्द्रटार, नुवाकोट,
बागमती प्रदेश, नेपाल

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| शंकर बहादुर थापा | माकुरी तामाङ | दिपेश रिजाल |

पृष्ठ १ बाट जारी

## युवा विदेश किन गए

गर्ने काम कतै भएको पाइदैन । भएका उद्योगमा तालाबन्दी बन्द हडताल गर्ने प्रबृति राजनीतिक आस्थाका मजदुरवाट उक्साहटमा हुने गरेकाछन् । त्यसमा सरकारी जग्गा पाउने त भाग्यमानी नपाउने नीजि जग्गामा उद्योग खोलेका वा नीजि घर भाडामा लिएर व्यावसाय गर्ने मानिसहरुलाई प्रत्येक बर्ष बढ्ने कच्चापदार्थको मूल्य, मजदुर ज्याला, घर बहाल, लगायत समस्या बढ्दो देखिन्छ ।

यता सरकारले आर्थिक बृद्धिदरको लक्ष्य ५ प्रतिशत पुऱ्याउन सक्दैन तर नीजि कम्पनीले खोलेका कम्पनी, व्यवसायलाई प्रत्येक बर्ष घरबेटीले घर बहाल बृद्धिदर ५ प्रतिशत भनेर ऐनमा लेखेर लाद्छ । बजार भाउ १० प्रतिशतले बृद्धि हुन्छ ।

यता सरकारले चै ३ प्रतिशत लक्ष्य भेटाउन सक्दैन । उत्ता घरबेटीले ५ प्रतिशत भाडा बढाउछ । कसरी टिक्छ त व्यवसाय, कसरी चल्छ उद्योग । बषैछि स्कुल फि बृद्धिहुन्छ । खाद्यन्न, लत्ताकपडा बृद्धि हुन्छ । सवै क्षेत्रमा यस्तै खालको समस्या भइराखेका देखिन्छ । यस्ता समस्या व्यहोर्नुपर्ने उद्योगी, ब्यापारीले व्यवसाय बन्द गर्दा हजारौ लाखौ रोजगार पाईराखेका मानिसले रोजगार गुमाउछन् । थपिनै कुरै भएन ।

अनि जादैन त युवा विदेश ! यस्ता समस्याहरुको सावधान खोई ? धनी धनीमाथि धनी हुने र गरिव झन गरिव हुने भएपछि कसरी टिक्छन जनता । यसको अध्ययन कसैले गरेर यस्तो अवस्थाको अन्त्य गर्न कतैवाट पनि पहल भएको देखिदैन ।

बरु उच्च पदीय हैशियतमा भएका मानिसहरुले त भित्र भित्रै विदेशको पिआर लिएर बसेको सुन्न थालिएको छ । यस्ता व्याक्तिहरुले धन र जन दुवै विदेश लगेर नेपाललाइ उजाड बनाउन खोजिदै छ । सम्बन्धित निकायको वेलैमा ध्यान पुगोस ।

पृष्ठ ३ बाट जारी

## नगर सभा

कार्यान्वयन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

नगर क्षेत्र भित्रका सरकारी तथा सार्वजनिक जग्गाहरुको यकिन गरी खोजी र संरक्षण गरिने, शुल्कमा आधारीत फोहोर संकलन र व्यवस्थापनको प्रबन्ध मिलाईने कुरा नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । नगरपालिकाले आगामी आ.ब २०८१/८२ मा कुल आय ७३ करोड ६ लाख ६८ हजार ४ सय ८३ रुपैयाँ अनुमान गरेको छ ।

१५ औं नगरसभाबाट आर्थिक विद्येयक २०८१, विनियोजन विद्येयक २०८१, न्यायिक समितिको प्रतिवेदन, रामेछाप नगरपालिकाको स्थानिय मदिरा उत्पादन, ब्रान्डिङ तथा बिक्रि वितरण व्यवस्थापन सम्बन्धि विद्येयक २०८१ को मस्यौदा विद्येयक समेत स्वीकृत भएको छ ।

छोरीलाई पनि छोरा सरह स्कुल पठन पठाउँ

# बुधवारदेखि खुल्यो खड्गदेवी मन्दिर



काठमाडौं- पुरातात्त्विक महत्वको प्राचिनकालीन मन्दिर खड्गदेवी मन्दिर २०८१ साल असार ५ गते बुधवारदेखि सर्वसाधारणलाई दर्शनको लागी विधिवत् खुल्ला गरिएको छ ।

खड्गदेवी मन्दिर सञ्चालक समितिको बैठकले लामो समयदेखि प्रयास गर्दै आएकोमा हाल आएर खुल्ला गर्ने निर्णयमा पुगिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष आनन्दमान जोशीले बताएका छन् ।

करिब ६०० वर्ष भन्दा पुरानो यस मन्दिर जातीय सहिष्णुताको प्रतीक समेत मानिन्छ । यस मन्दिरमा कामी, मगर र बाहुन जातीका तिन पुजारीहरू समेत रहेका छन् । भगवान् शिवजीले राजा मणीमुकुन्द सेनलाई दिएको तरबार राजा मुकुन्द सेनले एक ब्राह्मणीको घरमा छाडेर गई देवघाटमा गएर समाधि लिएको र यस तरबारले नागको रूप लिएर घरको परिक्रमा गरिरहे पछि धार्मिक अनुष्ठान गर्ने कार्य गरिएको र नागले तरबारको रूप धारण गरी उडेर बन्दिपुर डाँडामा खसी उछिट्टिएर यस ठाउँमा भगवान् शिवजीको सन्देश स्वरूप खड्गदेवीको रूपमा प्रकट भई स्थापना भएको धार्मिक किम्बदन्ती रहेको छ ।

यहाँका बन्दीपुरेहरुले इष्ट देवताको रूपमा पुजिने देवीको यस मन्दिर वर्षको ९ दिन नवरात्रको अवधिमा मात्र खुल्दै आएको थियो । केही समय जमिन छोडेर हावामा सयर गरेपछि मन्दिरको दर्शन गर्दा सबल, सक्षम, कुशल नेता, प्रशासक र सत्कर्मी बन्न सक्ने आर्सीवाद पाइन्छ भन्ने धार्मिक विश्वास रहेको छ ।

विशेष गरी सेना, प्रहरी र फलाम सम्बन्धी कार्य गर्नेहरूको लागी मन्दिर दर्शन फलदायी हुने मन्दिरका पुजारी भरतमणि भट्टराईले बताए । मन्दिर दर्शनको लागी केबलकारचोक देखि मन्दिर सम्म केबलकारमा सवार गरी सहज ढङ्गले दर्शनार्थीले देवीको दर्शन गर्न पाउनेछन् ।

बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म मन्दिर खुल्ला रहने अर्को मन्दिरका प्रमुख मगर खाँडे पुजारी राम कुमार आलेले बताए ।

# सिटी एक्सप्रेस मनी ट्रान्सफर र युएईको अल् जजिरा बिच रेमिटान्स सम्झौता




काठमाडौं- युएईको ख्यातिप्राप्त अल् जजिरा एक्सचेन्ज र सिटी एक्सप्रेस मनी ट्रान्सफर बिच रेमिटान्स कारोबार सुरु भएको छ । युएईमा रहनुभएका नेपालीहरुले अल् जजिरा एक्सचेन्जको सेवा प्रयोग गरी सिटी एक्सप्रेस मार्फत सजिलै आफ्नो आफन्तलाई नेपालमा पैसा पठाउन सक्ने गरी दुवैपक्ष बीच सम्झौता भएको हो । नेपालमा सिटी एक्सप्रेससँग आबद्ध २५,००० भन्दा बढि एजेन्टहरुबाट सजिलै भुक्तानी लिन सकिन्छ र नेपालको जुन सुकै बैंकको खातामा पनि रकम जम्मा अथवा मोबाईल वालेटमा लोड गर्न सकिन्छ ।

यस सम्झौताका आधारमा युएईमा बैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई सहज र गुणस्तरिय बिप्रेषण सेवा प्रदान हुने बिश्वास लिन सकिन्छ । सिटी एक्सप्रेस मनी ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १७ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ ।

हालै सिटी एक्सप्रेस मनी ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा र रेमिटेन्स भुक्तानी सुचारु गरेको छ । अल् जजिरा एक्सचेन्जबाट पठाएको रकम सिटी पे वालेट मार्फत प्रोमो कोड ऋक्ष्त्थ ज्ञण्ण प्रयोग गरी भुक्तानी लिदा रु. १०० सम्म बोनस पाउन सकिन्छ ।

## अन्तराष्ट्रिय

# इजरायली सैनिकको ज्यादती- घाइते प्यालेस्टाइनीलाई गाडीको अगाडी बाँधियो



काठमाडौं- इजरायली सैनिकहरूले वेस्ट बैंकको जेनिनमा छापा मार्दा एक घाइते प्यालेस्टिनीलाई आफ्नो गाडीको हुटमा अगाडि बाँधेको दृश्य अहिले भाइरल भएको छ । इजरायली सेना वेस्ट बैंकको वादी बुर्किन क्षेत्रमा केही प्यालेस्टाइनीहरूलाई पक्रन गएको थियो ।

टाइम्स अफ इजरायलका अनुसार कारवाहीका क्रममा सेना र प्यालेस्टिनीबीच गोली हानाहान भएको थियो । यस क्रममा एक जना प्यालेस्टाइनी घाइते भएका थिए । यसपछि सैनिकहरूले घाइते प्यालेस्टिनीलाई क्षेत्रबाट बाहिर निकाले । उनीहरुले जिपको अगाडि बाँधे । तर, पछि उनलाई संयुक्त राष्ट्रको रेड क्रिसेन्ट टोलीलाई सुम्पियो ।

बीबीसीका अनुसार प्यालेस्टिनीको नाम मुजाहिद आजमी थियो । इजरायली रक्षा बलले यस कुराको पुष्टि गर्दै अनुसन्धानको आदेश दिएको छ । भिडियोमा देखिएका कुराआदेशविपरीत भएको बताउदै इजरायली रक्षा बलले यसको छानबिन गर्ने र दोषीलाई कारवाही गर्ने बताएको छ ।

घाइते प्यालेस्टिनीका परिवारले इजरायली सेनासँग एम्बुलेन्स मागेको बताएका छन् । तर उनीहरूले प्यालेस्टिनीलाई जिपको बोनेटमा बाँधेर त्यहाँबाट भागे । यसअघि शनिबार केही बन्दुकधारीले वेस्ट बैंकको कल्किल्या क्षेत्रमा एक इजरायली नागरिकको हत्या गरेका थिए । त्यसपछि उनको गाडीमा आगजनी गरिएको थियो । यो कुरा बाहिर आएपछि ठूलो संख्यामा इजरायली सैनिक त्यहाँ पुगेका थिए ।

# केजरीवालको रिहाई फेरी अनिश्चित



काठमाडौं- भारतको दिल्ली उच्च अदालतले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई दिएको जमानतमा लामो सुनुवाइपछि २-३ दिनका लागि आफ्नो निर्णय सुरक्षित राखेको छ ।

अदालतले यसअघि राउज एभिन्यू अदालतबाट अरविन्द केजरीवाललाई दिइएको जमानतमा रोक लगाएको थियो । यसका साथै केजरीवाललाई दिइएको जमानतमा रोक लगाउन दायर गरिएको ईडी याचिकामा उच्च अदालतको निर्णय नभएसम्म अरविन्द केजरीवाल जेलबाट रिहा नहुने भएका छन् ।

उच्च अदालतले मंगलबारसम्म ईडीको याचिकामा आफ्नो आदेश दिन सक्ने भारतीय मिडियाहरुले बताएका छन् । केजरीवाललाई मार्चमा कथित मदिरा नीति घोटाला प्रकरणमा प्रवर्तन निर्देशनालयले पक्राउ गरेको थियो ।

सर्वोच्च अदालतले केजरीवाललाई आम चुनावको प्रचारका लागि अन्तरिम जमानत दिएपछि उनी २१ दिन बाहिर बसेर २ जुनमा फेरि तिहाड जेल गएका थिए ।

उनलाई राउज एभिन्यू अदालतले शुक्रबार साँझ जमानतमा रिहा गर्ने आदेश दिएको थियो । सो आदेशको विरुद्ध ईडीले दिल्ली उच्च अदालतमा याचिका दायर गरेपछि उनको रिहाई अनिश्चित बनेको छ ।

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

महालक्ष्मी नगरपालिका
ललितपुर,
बागमती प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
हरी गोविन्द्र श्रेष्ठ

उप- प्रमुख
लक्ष्मी महर्जन

प्रमुख प्रशासकीय अधिकृत
प्रदिप पौडेल

# सातौँ एटिए एभरेष्ट ग्लोबल नेपाली फिल्म अवार्ड सेप्टेम्बर १५ मा न्यूयोर्कको क्विन्स शहरमा हुने




अमेरिका- नेपाली सिनेमा भिलेज टु ग्लोब' भन्ने नारासहित सन् २०१६ बाट सुरु भएको 'एटिए एभरेष्ट ग्लोबल नेपाली फिल्म अवार्ड' को सातौँ संस्करण अमेरिकाको न्यूयोर्क शहरको मेलरोज बलरुममा २०२४ सेप्टेम्बर १५ तारिखमा हुने अवार्डको मुख्य आयोजक त्रिवेणी इन्टरटेनमेन्ट एलएलसीका अध्यक्ष नवराज केसीले बताए ।

सेप्टेम्बर २८ मा आयोजना गरिने भनेर घोषणा गरिएको उक्त अवार्ड कार्यक्रम प्राबिधिक कारणले गर्दा सेप्टेम्बर १५ सारिएको केसीले बताए । चलचित्रकर्मीलाई सम्मान पुरस्कार र प्रोत्साहन गर्ने हेतुले 'ग्लोबल नेपाली फिल्म अवार्डको आयोजना गरिदै आएको र यस वर्षको अवार्ड कार्यक्रम पनि अघिल्लो वर्षझैँ न्यूयोर्क शहरमा हुने नेपाल फिल्म सोसाइटीका केन्द्रिय अध्यक्ष कृष्ण मल्लले बताए ।

एटिए एभरेष्ट इन्स्योरेन्सको मुख्य प्रयोजन र सुनिल पाठक एजेण्ट अल स्टेट इन्स्युरेन्स कम्पनीको सह-प्रयोजनमा हुने ग्लोबल नेपाली फिल्म अवार्डको सातौँ संस्करणको स्थानीय मुख्य आयोजक त्रिवेणी इन्टरटेनमेन्ट एलएलसी न्यूयोर्क रहने भएको छ भने आयोजकको रुपमा नेपाल फिल्म सोसाइटी र ग्लोबल नेपाली फिल्म अवार्डले सातौँ ग्लोबल नेपाली फिल्म अवार्ड' आयोजना गर्ने अवार्डका अध्यक्ष नवराज श्रेष्ठले जानकारी गराएका छन् ।

अवार्ड आयोजनाको उद्देश्य अमेरिकामा नेपाली फिल्मको प्रवर्द्धन, नेपाली कलाकार तथा अमेरिकावासी नेपाली जनसमुदायहरू बीच प्रत्यक्ष साक्षात्कार गराउनु रहेको आयोजक संस्था त्रिवेणी इन्टरटेनमेन्ट एलएलसी न्यूयोर्कका अध्यक्ष तथा दिल कुमारी केसी मेमोरियल फाउण्डेसन इन्क न्यूयोर्कका अध्यक्ष नवराज केसीले बताए ।

'नेपाललाई चलचित्र पर्यटनको गन्तव्य बनाउन अवार्डले भूमिका खेल्नेछ', केसीले भने अवार्डका लागि नेपालबाट अमेरिका आउने कलाकार र अमेरिकामा बस्ने कलाकर्मीहरूको पुनर्मिलन गराउने र नेपाललाई विश्व माझ चलचित्र छायांकन गर्न सुन्दर ठाउँको रूपमा प्रचारप्रसार गर्नु पनि अवार्डको उद्देश्य रहेको त्रिवेणी इन्टरटेनमेन्ट एसएलसी न्यूयोर्कका अर्का आयोजक खम लाल भट्टले बताए ।

नेपाली चलचित्रको युग परिवर्तन भएको र नेपाली चलचित्रहरू पनि अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न योग्य भएकोले नेपाली चलचित्रको सफलता विदेशमा गएर मनाउनका लागि पनि यो अवार्ड महत्वपूर्ण रहेको छ। अमेरिकामा नेपालबाट धेरै कलाकारहरू पुगेका छन्, उनीहरूसँग पुनर्मिलन गर्नु पनि अवार्डको अर्को उद्देश्य हो ।

## सुर्यगढी गाउँपालिका

नुवाकोट,
बागमती प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| सन्त बहादुर घले (तामाङ) | मन्जु बुढाथोकी | गणेश राम पोखरेल |

## बेलकोटगढी नगरपालिका

नुवाकोट,
बागमती प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| जगत वहादुर गुरुङ | शिव प्रसाद दाहाल | देवराज चौलागाई |

## भरतपुर महानगरपालिका

भरतपुर, चितवन,
बागमती प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- महानगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न महानगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार महानगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा महानगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| रेनु दाहाल | चित्रसेन अधिकारी | लक्ष्मी प्रसाद पौडेल |

## लिखु गाउँपालिका

नुवाकोट,
बागमती प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| ध्रुव श्रेष्ठ | सुभद्रा अधिकारी उप्रेती | नारायण बहादुर बिष्ट |

## मध्यपुर थिमी नगरपालिका

भक्तपुर,
बागमती प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| सुरेन्द्र श्रेष्ठ | विजय कृष्ण श्रेष्ठ | राम बहादुर के.सी |

## विदुर नगरपालिका

नुवाकोट,
बागमती प्रदेश, नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| राजन श्रेष्ठ | प्रभा बोगटी | विनोद कुमार खनाल |

# जेके टायरका दुई ओटीआर टायर नेपालमा सार्वजनिक



काठमाडौं- भारतको प्रतिष्ठित टायर उद्योग कम्पनी जेके टायर इन्डियाले नेपाली बजारका लागि विशेष रुपमा डिजाइन गरिएको अफ, द-रोड (ओटीआर) क्याटागोरीका दुई नयाँ उत्पादन थप गरेको छ । कम्पनीले हार्ड रक च्याम्पियन र जीटीएल प्लसको नयाँ भेरिएन्ट लन्च गरेको छ । यसले नेपाली बजारमा नयाँ इनोभेसनका साथ उपस्थित हुने कम्पनीको प्रतिबद्धतालाई प्रमाणित गर्छ ।

जेके टायर इन्डियाका अध्यक्ष अनुज कथुरियाले जेके टायरको नेपालका लागि आधिकारिक वितरक डेल्टा डिस्ट्रिब्युटर्सको एक्सक्लुसिभ माइनिङ एन्ड कन्स्ट्रक्सन प्याभिलियनमा ती टायर सार्वजनिक गरे ।

नेपाली सडकमा दुई नयाँ हेभी ड्युटी ओटीआर टायर उपलब्ध गराउन पाएकोमा खुसी व्यक्त गर्दै जेके टायर एन्ड इन्डष्ट्रिज लिमिटेडका अध्यक्ष अनुज कथुरियाले भने, 'नेपाल हाम्रा लागि महत्वपूर्ण बजार हो र नेपाली ग्राहकको विभिन्न चाहनालाई परिपूर्ति गर्ने कार्यलाई हामीले प्राथमिकतामा राखेका छौं ।

यी नयाँ टायरले असाधारण स्थायित्व र विश्वसनियता प्रदान गर्छन् तथा विभिन्न भौगोलिक अवस्थाका लागि उपयुक्त हुने किसिमले निर्माण गरिएका छन् । यसले हाम्रा ग्राहकलाई अद्वितीय क्षमता सहितको परफर्मेन्स उपलब्ध गराउने कुरामा हामी ढुक्क छौ । हामीले उपलब्ध गराउने एड्भान्स टेक्नोलोजी र प्रोडक्ट इनोभेसनले हाम्रो बजार हिस्सालाई समेत थप मजबुत बनाउन भूमिका खेल्ने छ ।'

नेपाली बजार मागलाई नै विशेष किसिमले ध्यानमा राखेर यी टायरको डिजाइन गरिएको छ र यसले सवारी साधनलाई पहिले भन्दा अतिरिक्त स्थायित्व र सुरक्षा प्रदान गर्नेछ ।

जेके टायरको हार्ड रक च्याम्पियन नेक्स्ट जेन प्रिमियम माइनिङ टायर हो र यसको साइज १२.०० -२० २० पीआर छ । नेपालको माइनिङ अपरेसनलाई ध्यानमा राखेर उत्पादन गरिएका यी टायर टिपरहरुमा प्रयोग गर्न सकिन्छ । यसमा भएका नन-डिरेक्सनल ट्रेड प्याटर्न र ड्युअल बेन्ड ग्रुभले स्ट्रेस कन्सन्ट्रेसन घटाउछ र मेसिनलाई सुपेरियर परफर्मेन्स दिन्छ ।

त्यसैगरी जीटीएल प्सलको साइज १७.५/२५ २० पीआर छ र यसलाई ग्रेडर र लोडरमा प्रयोग गर्न सकिन्छ । जस्तोसुकै लोडमा पनि सहज तरिकाले प्रयोग गर्न सकिने गरी यसमा नाइलन प्रयोग गरिएको हुन्छ । विभिन्न निर्माण क्षेत्रमा यसको प्रयोग गर्न सकिन्छ ।

## नेसन गट ट्यालेन्टमा दीपशिखा कार्की दोश्रो हुन सफल




काठमाडौं- नेशन गट ट्यालेन्ट (राष्ट्रको प्रतिभा) रियालिटी सो मा रामेछापकी दीपशिखा कार्की दोश्रो हुन सफल भएकी छिन । रामेछापको रामेछाप नगरपालिका ८ कि दीपशिखाले देशभरिका २ हजार ४ सय प्रतिस्पर्धीलाई विभिन्न चरणमा पछि पार्दै दोश्रो हुन सफल भएकी हुन् ।

यहि मितिः २०८१ असार ९ गते भएको फाईनलमा उनी दोश्रो भएकी हुन ।

उनले १ लाख ४६ हजार ४ सय २० भोट प्राप्त गरेकी हुन । एपि वान टेलिभिजनबाट प्रशारण भएको रियालिटी सो नेशन गट ट्यालेन्ट (राष्ट्रको प्रतिभा) मा उनले निकै सुन्दर र उत्कृष्ट नृत्य प्रस्तुत गरेकी थिइन ।

गौरीशङ्कर मावि रामेछापमा कक्षा ५ मा अध्ययनरत दीपशिखा १० वर्षकी छिन । नेशन गट ट्यालेन्टमा सो को प्रथम स्थान भने आरध्या महर्जन भएकी छिन भने सामाृगी पन्त तेश्रो भएकी छिन ।




# बृक्षारोपण गरौं, हरियाली बढाऔं

बृक्षारोपण गरौं, हरियाली बढाऔं । रोपिएका बृक्षको संरक्षण र सम्वर्द्धनमा सबै क्षेत्र जुटौं । अतिबृष्टि, अनाबृष्टि र बाढी-पहिरोबाट बच्न पनि बृक्षारोपण कार्यमा सबै क्षेत्र सक्रिय हुनु जरुरी छ । वन अतिक्रमण हुनबाट बचाऔं । जथाभावी रुख नकाटौं । पर्यावरण जोगाऔ ।

प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं । वनजंगल, नदीनाला, पहाड-पर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।

**डिभिजन वन कार्यालय**
**हात्तिसार, काठमाडौं**

# गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नककखाओं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार